का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ पुस २०८२
आइतबार
11 January 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३३२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**विशेष महाधिवेशन आज**

# परीक्षामा गगन-विश्व

विशेष महाधिवेशन पक्षको राजनीतिक जित भएको छ र संस्थापन पक्षको हार भएको छ । यो अवस्थामा हलबाट नेतृत्व परिवर्तनकै पक्षमा निर्णय हुने भयो भने नेताहरूले इन्कार गर्न मिल्दैन ।

● **सीताराम केसी**
**वरिष्ठ अधिवक्ता**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ पुस

लामो रस्साकस्सीपछि विशेष महाधिवेशन पक्षका नेताहरूले महाधिवेशनको अन्तिम तयारी पूरा गरेका छन् । आइतबार भृकुटीमण्डपमा सुरु हुने विशेष महाधिवेशनको नेतृत्व महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले गरेका हुन् ।

विशेष महाधिवेशन राख्ने संस्थापन पक्षको चाहना पूरा नभएपछि संस्थापकै धेरै नेता विशेष महाधिवेशनको पक्षमा खुलेका छन् । शनिबार सभापति शेरबहादुर देउवानिकटका २५ केन्द्रीय सदस्यले विशेष महाधिवेशनप्रति ऐक्यबद्धता जनाउँदै सहभागी हुने बताएका छन् । देशभरबाट महाधिवेशन प्रतिनिधिको संख्या बढ्दै जाँदा विशेष महाधिवेशन पक्षधर नेताहरू उत्साहित छन् । महाधिवेशनमा ६० प्रतिशत पञ्याउन प्रयासमा रहेका नेताहरूले विशेष महाधिवेशनलाई संकल्प महाधिवेशनका रूपमा सम्पन्न गर्ने कि नेतृत्व परिवर्तन गरेर जाने भन्ने अन्योता हटाउन सकेका छैनन् । अधिकांश महाधिवेशन प्रतिनिधि नीति र नेतृत्व परिवर्तनको माग लिएर महाधिवेशन हलमा प्रवेश गर्दै छन् । महामन्त्रीहरूले पनि नीति र नेतृत्व परिवर्तनको आह्वानसहित महाधिवेशन प्रतिनिधि बोलाएका छन् । तर महाधिवेशनको हलबाट प्रतिनिधिले नेता छान्ने प्रक्रिया अघि बढाउन चाहेको खण्डमा विशेष महाधिवेशनको नेतृत्व गरेका नेताहरूले के गर्छन् ? भन्ने कोणबाट व्यापक बहस भइरहेको छ । आइतबारदेखि सुरु हुने दोस्रो विशेष महाधिवेशन आयोजक समितिले आफ्नो पक्षमा ६० प्रतिशत महाधिवेशन प्रतिनिधि उभिएको दाबी गरेको छ।



भृकुटीमण्डपमा शनिबार आयोजना गरिएको पत्रकार सम्मेलनमा विशेष महाधिवेशनको पक्षमा ६० प्रतिशत पुगेको दाबी गरे पनि संस्थापन पक्षले त्यसलाई अझै पत्याएको छैन ।'विशेष महाधिवेशनको माग गर्दा ५४ दशमलव ५८ प्रतिशतले हस्ताक्षर गरे पनि अहिले संख्या झनै बढेको छ । हलमा ६० प्रतिशत पुग्छ,' केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले भने । २ हजार ४ सय ८८ जना

पृष्ठ २ मा




# महत्त्वाकांक्षाले बिच्किए कुलमान

संघीयता, पहिचान, गणतन्त्र र धर्म निरपेक्षतासहितका विषयमा लिखित प्रतिबद्धता सार्वजनिक गर्नुपर्ने मागमा रवि लामिछाने र बालेन शाह सहमत नभएपछि कुलमान घिसिङ बिच्किएका हुन् । घिसिङ आफ्नैको महत्वांक्षाले समेत रास्वपासँगको यात्रा लामो जान सकेन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ पुस

आगामी निर्वाचनमा वैकल्पिक शक्ति एकै ठाउँ नरहने भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा एकीकृत हुन सहमत भइसकेर पनि उज्यालो नेपाल पार्टी एकता प्रक्रियाबाट बाहिरिएको छ । यससँगै आगामी चुनावमा कुलमान घिसिङ नेतृत्वको पार्टी एउटा वैकल्पिक शक्तिका रूपमा रहने भएको छ । रास्वपा वैकल्पिक शक्तिलाई ध्रुवीकरण गर्न लागिरहेकै छ । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) रास्वपामै समाहित भएका छन् ।

वैकल्पिक शक्ति एकै ठाउँमा रहने प्रयासले सफलता प्राप्त गर्न नसक्नुको कारण रास्वपासँगको एकता प्रयासबाट कुलमान घिसिङ बिच्किनु हो । घिसिङले पत्रकार सम्मेलन नै गरेर रास्वपासँगको सहमतिमा धोका भएको बताए । घिसिङले यही पुस १४ गते रास्वपासँग सहमति गरेका थिए । सो सहमतिपत्रमा रास्वपा तर्फबाट सभापति रवि लामिछाने र उज्यालो नेपालबाट अध्यक्ष अनुपकुमार उपाध्यायले हस्ताक्षर गरेका थिए । साक्षीका रूपमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको हस्ताक्षर थियो । सो सहमति यति चाँडै भत्किनुको कारणबारे उनी भन्छन्, 'यो १२ दिन मेरा लागि ठुलो बिलखबन्दमा, कता जाने भन्ने नै अन्योलमा भएको परिस्थिति, आगाडि

पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

# कुवेतबाट डिपोर्ट भएका दुर्व्यसनीद्वारा म्यानपावर तोडफोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस

वैदेशिक रोजगारमा कुवेत गएका तराईको सीमावर्ती जिल्लाका एक युवक लागूऔषध दुर्व्यसनी पुष्टि भएपछि गत साता नेपाल डिपोर्ट भए ।

नेपालमा गरिएको स्वास्थ्य परीक्षणमा स्वस्थ देखिएका उनी कुवेतको कम्पनीमा पुग्दा थरथर काम्दै बेहोस र ऐठनको अवस्थामा पुगेका थिए । तत्काल एम्बुलेन्स बोलाएर अस्पताल लगिएका उनलाई कम्पनीले अस्पतालबाटै नेपाल डिपोर्ट गरेको थियो ।


उनले चिकित्सकको प्रेसक्रिप्सन दुरुपयोग गरेर किनेको लागूऔषध लगेका थिए । दिमागमा खुसी र उमंग पैदा गर्ने औषधी धेरै सेवन गरेपछि उनमा अस्वाभाविक लक्षण देखिएको बताइएको छ । स्वदेश फर्केपछि उनी क्षतिपूर्ति माग गर्दै नयाँ बानेश्वरस्थित उनलाई पठाउने म्यानपावर पुगे । स्वास्थ्य परीक्षणमा असफल भएको वा अन्य कारणले करार अनुसारको काम र तलब नपाएको अवस्थामा म्यानपावर कम्पनीले क्षतिपूर्ति दिने व्यवस्था छ ।

तर लागूऔषध दुर्व्यसनी पुष्टि भएर स्वदेश डिपोर्ट गरिएको कामदारलाई म्यानपावर कम्पनीले क्षतिपूर्ति दिनुपर्ने कानुनी व्यवस्था छैन । म्यानपावर कम्पनीका सञ्चालकले डिपोर्ट भएका ती युवालाई त्यही कुरा बताए ।

क्षतिपूर्ति माग्न आएका ती युवा असन्तुष्ट देखिन्थे, तर कुनै प्रतिक्रिया जनाएनन्, सुरुक्क फर्के । तर उनको रिस मरेको थिएन, दुई दिनपछि लागूऔषधको उत्तेजनामा सोही म्यानपावर कम्पनी कार्यालयमा आए र चारैतिर नियाले । माथिल्लो तलामा रहेको म्यानेजरको कोठाको चुकुल बाहिरबाट थुनिदिएर तोडफोड सुरु गरे । उनले म्यानपावर कम्पनीका टिभी, कम्प्युटर र ल्यापटप गरी करिब १८ लाख रुपैयाँको क्षति पुऱ्याएर धाकधम्की दिएर हिँडे । लागूऔषधको उत्तेजनामा रहेका ती युवकलाई सुरक्षागार्डले पनि नियन्त्रणमा लिन सकेनन् ।

खाडी मुलुकमा उत्तेजित पार्ने औषधी प्रतिबन्धित छ । तर नेपाल र सीमावर्ती भारतीय शहरहरूमा उत्तेजना ल्याउने र लठ्याउने लागूऔषध खुला रूपमा पाइने गरेको छ । सीमावर्ती जिल्लाका युवाहरूमा लागूऔषध दुर्व्यसन बढ्दो छ । लागूऔषध

पृष्ठ २ मा



# बर्दियामा चितुवा आतंक
## स्थानीय त्रसित

दिनहुँ वन्यजन्तुको आक्रमणबाट स्थानीयका ज्यान गइरहेको छ। बर्दियाको अवस्था भयावह छ।

■ **हिमा सुनार**
अध्यक्ष
मानवअधिकार बर्दिया

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २६ पुस

बारबर्दिया नगरपालिका-१० बैदीस्थित फेनापति सामुदायिक वनमा घाँस काट्न गएकी ५० वर्षीया पार्वती डाँगीले चितुवाको आक्रमणमा परेर ज्यान गुमाइन् । डाँगी घरदेखि करिब २.५ किलोमिटर दक्षिणमा रहेको सामुदायिक वनमा घाँस काट्न गएकी थिइन् । सोही क्रममा एक्कासि चितुवाले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

गत पुस २ गते सोही वडा निवासी ३१ वर्षीया दिनेश चौधरीको पनि चितुवाको आक्रमणबाटै मृत्यु भएको थियो । बर्दियामा चितुवाको आक्रमणबाट पुस ६ गते बारबर्दिया नगरपालिका-६ मनिकापुरका ५३ वर्षीय जलवीर थारू र २५ वर्षीय ईश्वर थारू घाइते भएका थिए । उनीहरूलाई मनिकापुर नगरअस्पताल नजिकै चितुवाले आक्रमण गरेका थियो । उनीहरू बाटोमा हिँडिरहेको समयमा चितुवाले आक्रमण गरेको थियो ।

यसरी दिनहुँजसो चितुवाले आक्रमण गर्न थालेपछि स्थानीय त्रसित छन् । आक्रोशित वन्यजन्तुपीडितहरूले काठमाडौं आएर प्रदर्शन गरेका छन् । दिनहुँ चितुवालगायत अन्य वन्यजन्तुको आक्रमण बढ्न थालेपछि पटकपटक सरकारलाई जानकारी गराएका थिए । सरकारबाट कुनै सुनुवाइ नभएपछि बर्दियाका वन्यजन्तुपीडित काठमाडौंमा आएर प्रदर्शन गरेका हुन् ।

उनीहरूले वर्षौंदेखि बाघ, चितुवा र हात्तीबाट प्रत्येक हप्ताजसो मानिसहरूको ज्यान लिइरहे पनि सरकारले आममानिसको सुरक्षाप्रति चासो नदेखाएको गुनासो गरेका छन् ।

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०८२ आइतबार
11 January 2026 Sunday

# संविधान र लोकतन्त्र पुनर्स्थापना गर्न एमाले दृढ : ओली



**काठमाडौं/मस-** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले प्रतिगमन, अराजकता र विध्वंसका प्रयासलाई परास्त गर्दै मुलुकलाई संविधान र लोकतन्त्रको बाटोमा फर्काउन पार्टी दृढतापूर्वक अघि बढ्ने बताएका छन् । केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले लोकतन्त्र अझै संकटमा रहेको भन्दै निर्वाचन, प्रतिनिधिसभा पुनर्स्थापना र राष्ट्रिय एकताका विषयमा स्पष्ट राजनीतिक अडान सार्वजनिक गरे ।

शनिबार सम्पन्न बैठकमा ओलीले पार्टीको ११औं राष्ट्रिय महाधिवेशनले एमालेलाई थप एकताबद्ध, सशक्त र जुझारु बनाएको दाबी गरे । 'तीन महिनाअघि भदौ २३-२४ मा भएको विध्वंसपछि सबैभन्दा ठूलो क्षति बेहोरेको पार्टी एमाले नै हो,' उनले भने, 'तर त्यही पार्टीले छोटो समयमै आफूलाई सम्हाल्दै भव्य महाधिवेशन सम्पन्न गऱ्यो, जसले लोकतन्त्रका पक्षधर शक्तिहरूलाई आत्मबल दिएको छ ।'

उनले भदौ २३-२४ का घटनालाई स्वतःस्फूर्त आन्दोलन नभई लोकतन्त्र समाप्त पार्ने नियोजित षड्यन्त्रको हिस्सा भएको पुनः दोहोऱ्याए । उनले त्यस दिन कार्यकारी, विधायिकी र न्यायिक संरचनामाथि एकैसाथ आक्रमण भएको उल्लेख गर्दै विध्वंसलाई वैध ठहर गर्ने प्रयासहरू अस्वीकार्य रहेको बताए ।

ओलीका अनुसार, त्यसपछिको राजनीतिक ध्रुवीकरण 'पुराना र नयाँ दल'को बहसभन्दा पनि लोकतन्त्र जोगाउने कि विध्वंसलाई वैधता दिने भन्ने विषयमा केन्द्रित हुँदै गएको छ । 'पपुलिजम र अराजकताले समस्या समाधान गर्दैन, उल्टै मुलुकलाई भूराजनीतिक जोखिमतर्फ धकेल्छ,' ओलीले चेतावनी दिए ।

त्यस्तै उनले आगामी आम निर्वाचनका सन्दर्भमा ओलीले एमाले लोकतान्त्रिक निर्वाचनबाट कहिल्यै नभाग्ने स्पष्ट पारे । तर हालको अवस्थामा शान्तिपूर्ण र भयरहित निर्वाचनको वातावरण नबनेको उनको ठहर छ । भदौ २४ पछि लुटिएका हतियार फिर्ता नभएको, फरार कैदीहरू बाहिरै रहेको र सुरक्षा निकायको मनोबल कमजोर बनाइएको अवस्थालाई गम्भीर चुनौतीका रूपमा उल्लेख गरे । यद्यपि उनले ढिलो चाँडो निर्वाचन हुने नै भएकाले पार्टी पङ्क्तिलाई सधैं तयारी अवस्थामा रहन निर्देशन दिए ।

ओलीले प्रतिनिधिसभा विघटन असंवैधानिक भएको दोहोऱ्याउँदै यसको पुनर्स्थापना अपरिहार्य रहेको बताए । सर्वोच्च अदालतमा दायर मुद्दामा प्रतिनिधिसभाका बहुसंख्यक सदस्य सहभागी भइसकेको उल्लेख गर्दै उनले ढिलो न्याय भनेको अन्याय हुने धारणा व्यक्त गरे । 'पुनर्स्थापना, सर्वपक्षीय सरकार, संवाद र त्यसपछि निर्वाचन नै राजनीतिक संक्रमण समाधानको सुरक्षित बाटो हो,' उनले भने ।

उम्मेदवार छनोटका क्रममा केही गुनासो आएको स्वीकार गर्दै ओलीले अन्तिम निर्णय पार्टी नेतृत्वले सबै पक्षलाई ध्यानमा राखेर गर्ने बताए । निर्णयपछि सबै आकांक्षी र पार्टी पंक्ति एकताबद्ध भएर निर्वाचनमा होमिनुपर्ने उनको आग्रह छ । महाधिवेशनपछि आन्तरिक लोकतन्त्र थप सुदृढ भएको दाबी गर्दै उनले पक्षधरता वा समूहबन्दीका आधारमा भिन्न व्यवहार नहुने स्पष्ट पारे ।

विश्व राजनीतिमा बढ्दो अस्थिरता, शक्ति राष्ट्रको अस्वस्थ प्रतिस्पर्धा र अन्तर्राष्ट्रिय कानुनको अवहेलनाप्रति ओलीले चिन्ता व्यक्त गरे । एमाले स्वतन्त्र परराष्ट्र नीति, असंलग्नता र सबैसँग मित्रता, कसैसँग छैन शत्रुताको मान्यतामा अडिग रहेको उनले बताए । भेनेजुएलामा भएको अमेरिकी हस्तक्षेप, युक्रेन र प्यालेस्टाइनसँग सम्बन्धित घटनाक्रम, बंगलादेशका अल्पसंख्यक समुदायमाथि आक्रमण र म्यान्मारको राजनीतिक अवस्थाप्रति एमालेको आलोचनात्मक दृष्टिकोण पनि उनले सार्वजनिक गरे ।

तराई-मधेशका केही स्थानमा देखिएका सामाजिक सद्भाव खलबलिने घटनाप्रति चिन्ता जनाउँदै ओलीले सहिष्णुता र राष्ट्रिय एकताको पक्षमा उभिन सबैलाई आह्वान गरे । 'विविधता हाम्रो शक्ति हो, यसलाई कमजोर पार्ने कुनै पनि प्रयास स्वीकार्य हुँदैन,' ओलीले भने ।

कार्यक्रमको अन्त्यमा ओलीले पार्टी कार्यकर्ताहरूलाई देशकै भविष्यको रूपरेखा कोर्ने अग्रणी योद्धा भएको स्मरण गराउँदै प्रतिगमनलाई पूर्ण रूपमा परास्त गर्ने संकल्पका साथ अघि बढ्न आग्रह गरेका छन् ।

# रुकुम पश्चिममा नेकपाको शक्ति प्रदर्शन

**अर्जुन विष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २६ पुस

नेपाली कम्युनिस्ट पार्टीले शनिबार रुकुम पश्चिममा शक्ति प्रदर्शन गरेको छ । तत्कालीन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहितका दलहरू मिलेर बनेको नेकपाले देशव्यापी एकता सन्देश सभा गरिरहेको छ । जसअन्तर्गत शनिबार रुकुममा सभा राखेर नेकपाले शक्ति प्रदर्शन गरेको हो । नेताहरूले शनिबारको सभामा १० हजार बढी मानिस उतारेको दाबी गरेको छ । नेकपाले शक्ति प्रदर्शन गर्नुको कारण हो- आगामी चुनावमा रुकुमबाटै चुनाव लड्ने नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डको तयारी । प्रचण्डले यसका लागि देशव्यापी सन्देश दिनेगरी एकता सन्देश सभामा नेता/कार्यकर्ता उतारेका हुन् । सभालाई सम्बोधन गर्दै प्रचण्डले आउँदो चुनाव रुकुम पूर्वबाट घोषणासमेत गरेका छन् ।

प्रतिनिधि सभाको चुनाव आगामी फागुन २१ गते हुँदै छ । यसका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता आगामी माघ ११ गते छ । उम्मेदवारी दर्ताको समय नजिकिँदै गएका बेला प्रचण्डले रुकुमपूर्वबाट



चुनाव लड्ने घोषणा गरेका हुन् । २०६४ मा पहिलोपटक निर्वाचन लडेका प्रचण्डले हरेकपटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै आएका छन् । २०६४ मा भएको संविधान सभा निर्वाचनमा प्रचण्ड रोल्पा २ र काठमाडौं १० बाट उम्मेदवार बनेका थिए । दुवै ठाउँबाट विजयी भए ।

२०७० मा भएको संविधान सभाको दोस्रो निर्वाचनमा उनी काठमाडौं १० र सिरहा ५ बाट उम्मेदवार बनेका थिए । काठमाडौंबाट पराजित भए पनि उनी सिरहाबाट विजयी बने ।

संविधान सभाबाट संविधान जारी भएपछि २०७४ मा भएको पहिलो आमनिर्वाचनमा उनी गृहजिल्ला चितवन २ बाट उम्मेदवार बने र विजयी पनि भए ।

२०७९ मा भएको निर्वाचनमा उनी गृहजिल्ला चितवन छाडेर गोरखा २ मा निर्वाचन लड्न गए । त्यहाँ पनि उनी विजयी बने । यसपटक रुकुमपूर्वबाट चुनाव लड्न लागेका हुन् ।

रुकुम तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले सञ्चालन गरेको १० वर्षे सशस्त्र युद्धको आधार इलाका हो । माओवादीले २०५२ साल फागुन १ गतेदेखि १० वर्षसम्म सशस्त्र युद्ध गऱ्यो । रुकुम-रोल्पालाई आधार इलाका बनाएर युद्धमा होमिएका प्रचण्ड सोही क्षेत्रबाट चुनाव लड्न लागेका हुन् ।

नेताहरूका अनुसार सशस्त्र युद्धको प्रारम्भिक चरणमै रुकुम माओवादी आन्दोलनको मुख्य आधार क्षेत्र बनेको थियो । भौगोलिक विकटता, राज्यको कमजोर उपस्थिति र ऐतिहासिक असन्तोषले रुकुमलाई विद्रोहका लागि उर्वर भूमि बनाएको थियो । यही भूमिबाट जनमुक्ति सेनाको संगठन विस्तार भएको थियो । जनसरकार गठन भए र वैकल्पिक राज्यसत्ताको अभ्यास भएको थियो । निर्वाचित सरकारको अभ्यास गर्नेगरी प्रचण्डले यसपटक सोही क्षेत्रबाट चुनाव लड्ने निधो गरेका छन् ।

कतिपय नेताहरू रुकुम पश्चिमलाई तत्कालीन नेकपा माओवादी आन्दोलनको आत्मिक थलोका रूपमा समेत लिन्छन् । युद्धका कठिन वर्षहरूमा प्रचण्डले यही क्षेत्रलाई आधार बनाएर राजनीतिक सन्देश प्रवाह गरेका थिए । अब चुनाव जितेर अर्को सन्देश दिन खोजिरहेका छन् । प्रचण्डलाई प्रश्न गर्नेहरू पनि छन् । जनयुद्धपछि पनि जिल्ला किन अझै पछि छ ? नेताहरू सिंहदरबार पुगे, गाउँ किन खाली हुँदै गयो ? भन्ने प्रश्नको जवाफ प्रचण्डले दिनुपर्नेहुन्छ ।

नेताहरूका अनसार रुकुम पश्चिमका जनताले केवल जनयुद्धको कथा मात्रै सुन्न चाहेका छैनन् । उनीहरूको अपेक्षा स्पष्ट छ । रोजगारी सडक र पूर्वाधार शिक्षा र स्वास्थ्यको पहुँच विस्तार गर्नुपर्ने माग छ ।

# ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोला नियन्त्रणमा सक्रिय विभाग

**काठमाडौं/मस-** प्लास्टिकको अत्यधिक उत्पादन र बिक्री वितरणका कारण वातावरण संरक्षणमा चुनौती देखिएको भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सक्रियता बढाएको छ । पछिल्ला केही दिनदेखि विभागले प्लास्टिक उत्पादन गर्ने उद्योग, बिक्री वितरण गर्ने फर्ममा स्थलगत अनुमगन गर्दै ४० माइक्रोनभन्दा कमका प्लास्टिक बिक्रीवितरण नगर्न सचेत गराएको छ । सोही क्रममा विभागले शुक्रबार बालकुमारी प्लास्टिक उद्योग ललितपुरलाई रु ५० हजार जरिवाना गरेको छ । नियमित बजार अनुमगन गर्दै आएको विभागले सो उद्योगले उत्पादन वस्तुको कारखाना मूल्य नराखेको एवम् उद्योग दर्ताको प्रमाणपत्र आम सर्वसाधारणले देख्ने गरी नराखेकाले जरिवाना गरिएको जनाएको छ ।




उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ मा बजार अनुमगन तथा निरीक्षण गर्दा तत्काल प्राप्त प्रमाणका आधारमा निरीक्षण अधिकृतले ५० हजारदेखि १ लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम सो उद्योगलाई जरिवाना गरिएको विभागले प्रष्ट पारेको छ ।

यस्तै, एटिएल प्रोडक्सन हाउसलाई ५१ हजार जरिवाना गरिएको छ । सो उद्योगले पनि सर्वसाधारणले देख्ने गरी उद्योग दर्ताको प्रमाणपत्र नराखेको पाइएकाले नगद जरिवाना गरिएको विभागले जनाएको छ । पछिल्ला केही दिनदेखि विभागले वातावरण संरक्षण गर्ने ध्येयका साथ प्लास्टिकको उत्पादन तथा बिक्री वितरणमा देखिएको वेथिती नियन्त्रणमा लागि परेको छ । विभागले ४० माइक्रोन भन्दा कमका प्लास्टिक झोला बिक्री वितरण नगर्न उद्योग, वितरण तथा आयातकर्तालाई सचेत गराउँदै आएको छ ।

शुक्रबार त्यस्ता १२ वटा उद्योग वा फर्ममा निरीक्षण गरेको विभागले बिहीबार १९ वटामा अनुमगन गरेको थियो । प्लास्टिकको अनाधिकृत एवम् अत्याधिक प्रयोगका कारण वातावरण संरक्षणमा चुनौती देखिएकाले विभागले सक्रियता देखाएको हो ।

यस्तै, पुस २३ गते बुधबार चारवटा फर्मलाई १ लाख १० हजार जरिवाना गरेको थियो । त्यसदिन १४ वटा फर्ममा अनुमगन गरेको थियो । यही पुस २२ गते मंगलबार १७ वटा फर्ममा अनुमगन गर्दै दुई वटालाई ७० हजार जरिवाना गरिएको विभागले जनाएको छ ।

**बर्दियामा...**
मानवअधिकार बर्दियाकी अध्यक्ष हिमा सुनारले पछिल्लो समय वन्यजन्तु र मानवबीच द्वन्द्व बढ्दै गएको बताइन् । दिनहुँ वन्यजन्तुको आक्रमणबाट स्थानीयको ज्यान गइरहेको छ,' उनले भनिन्, 'यहाँको अवस्था भयावह छ ।'

वन्यजन्तुको त्रासले दैनिकी काम गर्न समस्यासमेत भएको उनले बताइन् । 'वन्यजन्तुको त्रासले विद्यार्थीहरू विद्यालय जान डराउँछन्, खेती गर्न खेतबारीमा जान डर छ, चौपायालाई वनजंगल चराउन, घास दाउरा गर्न डर छ,' उनले भनिन्, 'सरकारलाई हामीले धेरै ध्यानाकर्षण गराऱ्यौं तर चासो देखाएनन् ।'

वन कार्यालय तथा स्थानीय तहहरूले सचेतना कार्यक्रम चलाउने गरे पनि कार्यक्रमले वन्यजन्तुले आक्रमण गर्न नछोडने उनी बताउँछिन् । वन्यजन्तको आक्रमणबाट मृत्यु भएका व्यक्तिहरूले उचित राहत तथा खेतीबारीमा नोक्सानी भएको क्षतिपूर्ति नपाएको उनले बताइन् ।

बर्दियामा चितुवाको आक्रमण बढ्न थालेपछि स्थानीय त्रसित बनेका छन् । पछिल्लो नौ महिनामा वन्यजन्तुको आक्रमणबाट बर्दियामा ११ जनाको ज्यान गइसकेको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषका अनुसार चितुवाको आक्रमणबाट मात्रै ६ जनाको मृत्यु भइसकेको छ ।

त्यस्तै, बाघको आक्रमणबाट एक जना, गोहीको आक्रमणबाट दुई जनाको मत्यु भएको कोषका वरिष्ठ संरक्षण अधिकृत अजित तुम्वाहाङ्फेले जानकारी दिएका छन् । बर्दियामा १ सयवटा हात्ती, १ सय १५ वटा बाघ छन् । बर्दियामा हालसम्म कति चितुवा छन् भन्ने यकिन तथ्यांक छैन । बर्दियावासी चितवाबाट नै बढी आतंकित भएका छन् तर गणना भएको छैन ।

बर्दिया राष्ट्रिय निकुञ्जको पश्चिमी सीमा नै गेरुवा नदी हो र यो वन्यजन्तुहरूको महत्वपूर्ण पानीको स्रोत हो । त्यही नदी किनारसँगैको वन उनीहरूको बासस्थान हो । जसले गर्दा मानव र वन्यजन्तुको द्वन्द्व बढ्दै गएको छ ।

'सुक्खा मौसममा खडेरीले बाघलगायत जंगली जनावरहरूलाई पानीको खोजमा मानव बस्तीमा प्रवेश गर्न बाध्य पारेको छ,' उनले भने, 'पानीको सतह घटेकाले गाउँलेहरूलाई नदी पार गरेर वनमा प्रवेश गर्न सजिलो भएको छ ।'

स्थानीयहरू वनजंगलमा घाँस दाउरा गर्ने समय वा जंगलको बाटो हिँडिरहेकालाई चितुवाले बढी आक्रमण गर्ने गरेको उनको भनाइ छ ।

पछिल्लो समयमा बर्दियामा चितुवाको आक्रमण बढ्दै गएको छ । सामुदायिक वन क्षेत्रमा चितुवाको आक्रमण लगातार हुन थालेपछि स्थानीयमा त्रास र आक्रोश बढेको छ । यसअघि पुस ३ गते चितुवाको नियन्त्रण तथा दीर्घकालीन समाधानको माग गर्दै बारबर्दिया नगरपालिका-१० का स्थानीयले जिल्ला प्रशासन कार्यालय बर्दिया घेराउ गरेका थिए ।

बर्दियाको राजापुर नगरपालिका-१० कर्मनीमा गहुँबारीबाट स्थानीयले घेरा हालेर चितुवालाई नियन्त्रणमा लिएका थिए । चितुवा गहुँबारीमा आएपछि ठूलो संख्यामा गाउँलेले घेरेर राखेका थिए । सो चितुवालाई डिभिजन वन कार्यालयको समन्वयमा राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक टोलीले बेहोस पारेर नियन्त्रणमा लिएको थियो । लगातार आक्रमणका घटना हुन थालेको भन्दै स्थानीयले चितुवा आतंक नियन्त्रणको माग गर्दै आएका छन् ।

**परीक्षामा...**
महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर गत असोज २९ गते केन्द्रीय समितिमा विशेष महाधिवेशन माग गरेका थिए । तर उनीहरूको पत्रलाई कार्यवाहक सभापति पूर्णबहादुर खड्काले छलफलमै ल्याएका छैनन् । बुधबार महामन्त्रीद्वय थापा र शर्माले औपचारिक विशेष महाधिवेशन आह्वान गरेका थिए । त्यो सँगै महाधिवेशनको माहोल एकाएक सशक्त बन्दै गएको छ । हल, बगैंचा, होटल, झाँकी, खाना, बास, यातायातदेखि प्रचारसम्मको तयारी सकिएका छन् । विशेष महाधिवेशनको मुख्य मक्सद नेतृत्व परिवर्तन गर्नु नै हो । जुन विषय महाधिवेशनको हलले के गर्छ भन्ने आमचासोको विषय छ । विशेष महाधिवेशन पक्षधरले नेतृत्व चयनको विषयमा अझै निर्क्योल भइनसकेको नेताहरूले बताएका छन् ।

विशेष महाविधेशनको औचित्य समाप्त भएको भन्दै संस्थापनले पटकपटक लिखित चेतावनी दियो । चेतावनीका बीच महामन्त्रीसमेत घोषणा गरेरै विशेष महाधिवेशनको मैदानमा ओर्लिएका हुन् । सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का र उनीनिकटका पूर्वपदाधिकारीहरूले महाधिवेशन पक्षधरका नेताहरूको कदमलाई नजिकबाट हेरिरहेका छन् । महामन्त्री थापा र शर्माले पार्टीको विशेष महाधिवेशनलाई संकल्प महाधिवेशनका रूपमा अघि बढाउने बताएका छन् । तर महाधिवेशन प्रतिनिधिहरूले नेतृत्व परिवर्तनकै विषयमा ध्यान केन्द्रित गर्दै आएका छन् । उनीहरूले हलबाट नेतृत्व परिवर्तनको पक्षमा उभिए भने महामन्त्रीहरू के गर्छन् भन्ने परीक्षाको घडी सुरु भएको विश्लेषण हुँदै आएको छ ।

भदौ २३ र २४ को जेनजी विद्रोहलाई हेर्ने दृष्टिकोणका सन्दर्भमा विशेष महाधिवेशनको हलले सैद्धान्तिक अवधारणा पारित गर्ने नेताहरूले जनाएका छन् । 'जसमा प्रजातन्त्र स्थापनायताका राजनीतिक परिवर्तनबाट संस्थागत भएका उपलब्धि रक्षाको प्रतिबद्धतासँगै शासनका क्रममा कांग्रेसले गरेका कमजोरीप्रति स्पष्ट क्षमायाचना समेत हुनेछ,' नेता गुरुराज घिमिरेले भने । त्यस्तै, संविधान संशोधनको आवाजलाई सैद्धान्तिक रूपमा विशेष महाधिवेशनले व्याख्या गर्नेछ । संविधान संशोधनको बहसलाई खुला राख्ने र सुधारका लागि नयाँ ढंगले जाने प्रतिबद्धतासँगै भ्रष्टाचारविरुद्ध निर्मम रहने राजनीतिक प्रतिबद्धता विशेष महाधिवेशनले पारित गर्ने तयारी गरेको छ । विशेष महाधिवेशनले पार्टी र सरकार सञ्चालनमा युवापुस्ताको प्रतिनिधित्व र भावना सम्बोधन गर्ने संकल्पसमेत गरिने प्रारम्भिक विषय तय भएको विशेष महाधिवेशनका अभियन्ता नेता देवराज चालिसेले बताए ।

शीर्ष नेताहरूले विशेष महाधिवेशन रोक्न वा त्यसलाई संकल्प सभामा परिणत गराउन भने प्रयास जारी राखेका छन् । सभापति शेरबहादुर देउवा विशेष महाधिवेशनको पक्षमा छैनन् । मध्यमार्गी प्रस्ताव लिएर सबै पक्षसँग संवादमा रहेका नेताहरू सहमतिको चुरो नभेटिएको बताउँछन् तर विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन नगर्ने दृढता पनि व्यक्त गर्छन् । 'विशेष महाधिवेशन त रोक्न सकिएन तर नेतृत्व परिवर्तनकै विषय भृकुटीमण्डपको हलले पारित नगर्ला,' केन्द्रीय सदस्य चन्द्र भण्डारीले बताए । नेता भण्डारी र सुनिल शर्माले केही दिनदेखि सभापति देउवा, संस्थापन इतरसमूहका नेता शेखर कोइराला, कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित नेताहरूलाई भेटेर पार्टीलाई एकताबद्ध राख्ने निरन्तर संवाद गरिरहेको बताए ।

विशेष महाधिवेशनको हलबाट नीतिसहित नेतृत्व परिवर्तनका पक्षमा प्रक्रिया अघि बढाउन चाहे त्यसबाट नेताहरू पछि हट्न नहुने वरिष्ठ अधिवक्ता सीताराम केसीले बताए । उनले मध्यान्हसँग भने, 'अहिले विशेष महाधिवेशन पक्षको राजनीतिक जित भएको छ र संस्थापन पक्षको हार भएको भएको छ । यो अवस्थामा हलबाट नेतृत्व परिवर्तनकै पक्षमा निर्णय हुने भयो भने नेताहरूले इन्कार गर्न मिल्दैन ।' तर नेता फेर्दा पार्टीमा चुनावको मुखमा कानुनी झमेला पनि आउन सक्ने र पार्टीलाई थप समस्यामा पार्नेमा नेताहरू सचेत छन् । समानुपातिक सूची बुझाएपछि प्रत्यक्ष निर्वाचनको टिकट टुंग्याउने चरणमा कांग्रेस छ । पार्टीको आधिकारिकता जाँच्नेगरी निर्वाचन आयोगदेखि अदालतसम्म विवाद पुगे यसैमा लामो समय लाग्नेछ । यस्तो विवादमा फसे कांग्रेसले निर्वाचनमा भाग लिने प्रक्रिया नै अवरुद्ध हुन सक्नेछ । यस्तो अवस्थाप्रति दुवैपक्ष सचेत हुनुपर्ने अवस्था रहेको मध्यमार्गी धारमा उभिएका नेताहरूले सुझाव दिएका छन् ।

**महत्वाकांक्षाले...**
बढौं भने उहाँहरू अघि बढ्न नदिने, पछि जाऔं भने आमनेपाली र जेनजी भाइबहिनीहरूको सपनालाई पूरा गर्न पछि हट्न नमिल्ने अवस्था थियो ।' उनले सहमतिका बुँदा रास्वपाले नै कार्यान्वयन गर्न नमानेको समेत उनले बताए ।

रास्वपासँग सहमति भएपछि उज्यालो नेपाल पार्टीका तर्फबाट समेत केही व्यक्तिको नाम रास्वपाको समानुपातिक तर्फको सूचीमा परेको छ । पत्रकार सम्मेलनमा घिसिङले मिलेसम्म समानुपातिकका लागि प्रयत्न गर्ने र नसके प्रत्यक्षमा मात्रै चुनाव लड्ने बताए । घिसिङले भनेका छन्, 'भएन (समानुपातिक सूचीमा काम हुन सकेन) भने प्रत्यक्षमा मात्रै चुनाव लड्छौं ।'

नेताहरूका अनुसार संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षतासहितका विषयमा लिखित प्रतिबद्धता सार्वजनिक गर्नुपर्ने मागमा रवि लामिछाने र बालेन शाह सहमत नभएपछि कुलमान घिसिङ बिच्किएका हुन् । २०७९ को चुनावमा रास्वपाले प्रदेश सभा सदस्यको निर्वाचनमा भाग लिएको थिएन । साथै, रास्वपा सभापति लामिछाने र काठमाडौंका मेयर बालेनले प्रदेश सभा सदस्यको निर्वाचनमा मतदानसमेत गरेका थिएनन् । साथै, रास्वपाले राष्ट्रिय सभाको निर्वाचनमा समेत भाग लिएको छैन । यो पृष्ठभूमिमा नवगठित रास्वपाभित्र वैचारिक अस्पष्टताबारे पेचिलो गरी प्रश्न उठेको थियो । यहीबेला घिसिङले आफ्नै ढंगले अगाडि बढ्ने निर्णय लिएका हुन् ।

यसका साथै, केन्द्रीय सदस्यमा कति जना, समानुपातिक सूचीमा कति जना रहनेलगायतका विषयमा समेत कुरा नमिलेपछि कुलमान उज्यालो नेपाल पार्टीबाटै अगाडि बढ्न खोजेका हुन् । घिसिङ आफ्नैको महत्वकांक्षाले समेत रास्वासँगको यात्रा लामो जान सकेन ।

नेताहरूका अनुसार रवि र कुलमानबीच निकै धेरैपटक छलफल भएर एकता भएर पनि टिकेन । सहकारी ठगी प्रकरणमा जेलमा रहेका रविसँग कुलमानको त्यसबेलै पनि कुराकानी गरेका थिए । रविले धरौटीमा रिहा भएलगत्तै पनि भेट गरेका थिए । नेताहरूका अनुसार सुरुमा रविले घिसिङलाई नै प्रधानमन्त्री बनाउनेबारे छलफल गरेका थिए । त्यसमा ठोस प्रगति नहुँदै बालेन रास्वपामा जोडिए र बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत हुनेगरी सहमति भयो । त्यसपछि कुलमानले आफ्नो नेतृत्व स्वीकार गर्नेमा बालेन ढुक्क थिए । तर घिसिङ तयार भएनन् ।

रास्वपाबाटै कुलमान अगाडि नबढ्नुको कारणमा पहिचान पक्षधर नेताहरूको दबाबले समेत काम गरेको छ । कुलमानले उज्यालो नेपाल पहिचानवादी नेताहरूलाई सामेल गरेका छन् । प्राध्यापक महेन्द्र लावती, डकेन्द्रसिंह थेगिम, खगेन्द्र माखिमलगायतका पहिचान पक्षधरहरू उज्यालोले पहिचानको मुद्दा बोक्ने र पार्टी विधानको प्रस्तावनामै त्यो उल्लेख भएको भनेर उज्यालो नेपालमा आबद्ध भएका छन् ।

पहिचानवादी नेताहरू रास्वपामा मिसिने कुलमानको निर्णयप्रति असहमत थिए । त्यसकारण पहिचानको मुद्दामा रास्वपाको स्पष्ट धारणा खोजे । आफूहरूसँग कुनै सल्लाह नगरी पार्टी विलय गराएको भन्दै पहिचानवादी नेता डकेन्द्रसिंह थेगिमले सार्वजनिक रूपमै विरोध जनाएका थिए । रास्वपाको समानुपातिक सूचीमा नाम समेटिएका प्राध्यापक डा. महेन्द्र लावतीले पनि असहमति जनाएका थिए । पहिचान, संघीयता र धर्म निरपेक्षताको आधारभूत एजेन्डामा एक ठाउँ आउन रास्वपा र उज्यालो नेपालबीच पटकपटक छलफल भए पनि सहमति हुन सकेन । त्यसपछि एकता प्रक्रिया भंग हुन पुगेको हो ।

तथापि उज्यालो नेपाल पार्टीका केही नेताहरू रास्वपामै रहने भएका छन् । तारा जोशी, विशाल भण्डारीलगायतका नेता रास्वपासँग एकताकै पक्षमा रहने भएका हुन् ।

**कुवेतबाट...**
सेवनकर्ताबारे म्यानपावर कम्पनी पर्याप्त सचेत र जानकार छैनन् । लागूऔषध सेवन गरेर अन्तर्वार्तामा आउनेहरू अत्यन्तै आत्मविश्वासी र स्मार्ट देखिन्छन् । अन्तर्वार्तामा देखिने आत्मविश्वास र स्मार्ट शैली लागूऔषधको क्षणिक असर हो वा साँच्चिकै प्रतिभा ? श्रम गन्तव्यमा पुगेर काम सुरुवात नगरेसम्म छुट्याउन सक्ने अवस्थामा म्यानपावर कम्पनी हुँदैनन् ।

पूर्वमहान्यायाधिवक्ता रमेश बडालका अनुसार नेपाली युवाहरूको डरलाग्दो शत्रु लागूऔषध बनेको छ । नेपालका सबै कारागारमा २५ हजार बढी कैदीबन्दी लागूऔषध मुद्दामा प्रत्यक्ष-अप्रत्यक्ष जोडिएका छन् । करिब दुई वर्षअघि गरिएको एक अध्ययनअनुसार नेपालमा एक लाख ३० हजार बढी लागूऔषध प्रयोगकर्ता छन् । यो संख्या हरेक वर्ष ५ प्रतिशतभन्दा धेरै बढिरहेको अनुमान छ ।

गृह मन्त्रालयले लागूऔषध नियन्त्रण र रोकथामका लागि राष्ट्रिय गुरुयोजना नै तयार पारेको छ । लागूऔषध कारोबारले दीर्घकालीन रूपमा राष्ट्रिय सुरक्षाको रूपमा चुनौती सिर्जना गरेको गृह मन्त्रालयको अध्ययनले देखाएको छ । वैदेशिक रोजगारमा जाने र लागूऔधष दुर्व्यसनका कारण फर्किने क्रम बढेकाले पठाउनुअघि सचेत हुनुको विकल्प नरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे दिमदोङ बताउँछन् ।

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धि २१ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/२७ गते**

यस कार्यालय मातहतको राष्ट्रिय वन क्षेत्रमा जालपादेवी केबलकार आयोजनाको पूर्वाधार निर्माणको लागि वन तथा भू-संरक्षण विभाग सँग भएको सम्झौता बमोजिम आ.व. ०८०/८१ मा रुखहरू कटान गरि चिसापानी, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका साल जातको गोलिया काठ थान ३७६ को परिमाण ११५५.९७ क्यू.फिट, अस्ना जातको गोलिया काठ थान ८७१ को परिमाण ६१७९.६ क्यू.फिट, हल्दु जातको गोलिया काठ थान २९२ को परिमाण २९०८.१९ क्यू. फिट, जामुन जातको गोलिया काठ थान ५ को परिमाण ३९.२६ क्यू. फिट र अन्य जातको गोलिया काठ थान ५७० को परिमाण ३५९६.३७ क्यू. फिट साथै मिश्रित दाउरा ७६ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरि प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।

**डिभिजन वन कार्यालय, पहलमानपुर, कैलाली**

## यूएईमा रोजगार

कम्पनीः HEMAYA SECURITY SERVICES-L.L.C-S.P.C
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ चलानी नं.: ६०२५०४३२
शहरः ABU DHABI
L.T. No.: 328525

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 150 | 50 | स. काममा दक्ष | 2000 | ७८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता बसुन्धारा व्याङक्वयट काठमाडौंमा २०८२ माघ ४ र ५ गते (18 & 19 January 2026) मा हुनेछ ।

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई पुरुषको हकमा ५ फिट ७ ईन्च भन्दा माथि र महिलाको हकमा ५ फिट २ ईन्च हुनुपर्नेछ ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

STARIS HR SERVICES PVT. LTD.
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575
श्रम इजाजत नं. १३२४/०७४/०७५

## यूएईमा रोजगार

कम्पनीः HEMAYA SECURITY SERVICES-L.L.C-S.P.C
पूर्व स्वीकृत मितिः २०८२/०४/०८ चलानी नं.: ६०२५०४३१
शहरः ABU DHABI
LT. No.:327554

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 25 | सम्बन्धित काममा दक्ष | 2000 | ७८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards | 50 | 25 | | 1200 | ४७,०४० | | | | | | | |

अन्तर्वार्ता बसुन्धारा व्याङक्वयट काठमाडौंमा २०८२ माघ ४ र ५ गते (18 & 19January 2026) मा हुनेछ ।

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई पुरुषको हकमा ५ फिट ७ ईन्च भन्दा माथि र महिलाको हकमा ५ फिट २ ईन्च हुनुपर्नेछ ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160, 9802311386 | Email: info@skillgrouphr.com.np
Govt Lic. No. 1686/080/081

# देशले सामना गर्नुपरेको संकटले चिन्तित बनाएको छ : पूर्वराजा शाह



**काठमाडौं/मस–** पूर्वराजा ज्ञानेन्द्र शाहले नारायणहिटी दरबार छाडेको करिब दुई दशक बितिसक्दा पनि देशले भोगिरहेको संकटले आफू चिन्तित भएको बताएका छन् । राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा सार्वजनिक गरिएको भिडियो सन्देशमार्फत उनले यस्तो धारणा व्यक्त गरेका हुन् ।

उनले विगतमा देश नबनेको चिन्ता रहेको भए पनि अहिले देश नै जोगिन सक्ला कि नसक्ला भन्ने निराशा पैदा भएको उल्लेख गरे । 'नारायणहिटी राजदरबारबाट बाहिरिएको करिब दुई दशक बित्दा पनि देशले सामना गर्नुपरेको संकटले हामीलाई चिन्तित तुल्याएको छ । हिजो देश नबनेकोमा चिन्ता थियो, आज देश नै नबच्ने हो कि भन्ने निराशा पैदा भएको छ,' उनले सन्देशमा भनेका छन् ।

शाहले भाषण, जादू र चमत्कारले मात्र देश नबन्ने स्पष्ट पारे । उनका अनुसार सबै जात, धर्म र क्षेत्रका नेपालीको साझा प्रतिनिधिका रूपमा काम गरेको राजसंस्था जनताले सुम्पेको जिम्मेवारीबाट विमुख हुन सक्दैन । 'सबै नेपालीले यो कर्तव्यबोध गर्दै पृथ्वीपथमा लाग्नुपर्छ,' उनको भिडिओ सन्देशमार्फत आह्वान गरे ।

शान्ति, आर्थिक प्रगति र स्थायित्वको प्रतिवद्धतासहित सत्तामा पुगेका दलहरूको चाहनाअनुसार आफूले श्रीपेच जनताको नासोका रूपमा सुरक्षित निकायमा बुझाएर राजकाजबाट बाहिरिएको सर्वविदित रहेको उनले स्मरण गराए । सन्देशमा उनले पृथ्वीनारायण शाहको प्रशंसा गर्दै आधुनिक नेपाललाई चार वर्ग ३६ जातको साझा फूलबारीका रूपमा परिकल्पना गरिएको उल्लेख गरे । उनका अनुसार यो मुलुक राजा मात्रको नभई जनता र राजाको समान स्वामित्वको देश हो भन्ने सन्देश पृथ्वीनारायण शाहले दिएका थिए ।

पूर्वराजा शाहले पुनः दोहोर्‍याउँदै सबै जात, धर्म र क्षेत्रका नेपालीको साझा प्रतिनिधिका रूपमा काम गरेको राजसंस्था जिम्मेवारीबाट विमुख नहुने दाबी गर्दै सबै नेपालीलाई कर्तव्यबोधसहित अघि बढ्न आग्रह गरेका छन् ।

# पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्ती मनाइँदै



**काठमाडौं/मस–** राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस आइतबार मुलुकभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । आधुनिक नेपालको एकीकरण अभियानका नेतृत्वकर्ता शाहले राष्ट्रको एकीकरण अभियानमा पुर्‍याएको योगदानको स्मरण गर्दै कार्यक्रममा उनीप्रति श्रद्धासुमन अर्पण गरिन्छ ।

दिवसको अवसरमा प्रमुख प्रशासनिक भवन सिंहदरबार पश्चिम ढोका अगाडिको पृथ्वीनारायणको सालिकमा पुष्पहार अर्पण गरी सम्मान व्यक्त गरिन्छ । तत्कालीन गोरखाका राजा शाहले विभिन्न सामाजिक, आर्थिक र भौगोलिक चुनौतीबीच जनताको उत्साहजनक सहयोग र सहभागितामा छरिएर रहेका बाइसे, चौबिसे राज्यलाई एकीकृत गरेका थिए ।

उक्त अभियानले राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई अक्षुण्ण राख्ने आधार तयार गरेका कारण विश्वका पुराना स्वतन्त्र राष्ट्रमध्ये नेपाल एक रहन पुगेको छ । विक्रम संवत् १७७९ मा जन्मिएका शाहले २० वर्षको उमेरमा गद्दी आरोहण गर्दै तत्कालीन आन्तरिक तथा बाह्यशक्तिलाई पराजित गरेर एकीकरण अभियान सञ्चालन गरेका थिए । उनले आफ्नो शासनकालमा दिएका 'घूस लिने र दिने दुवै राष्ट्रका शत्रु हुन्' भन्ने लगायत दिव्योपदेश आज पनि भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा त्यतिकै समय सान्दर्भिक छन् । भौगोलिक अवस्थाको पाटोलाई ध्यान दिँदै उनले नेपाललाई दुई ढुंगाबीचको तरुलको संज्ञा दिएका थिए ।

उनको जन्मस्थान गोरखामा हरेक वर्ष यो दिवस विशेष कार्यक्रम गरी मनाउने गरिएको छ । पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा राष्ट्रका विभिन्न विशिष्ट व्यक्तित्वहरूले शुभकामना सन्देश दिने गरेका छन् । नेपाली सेनाले पनि पृथ्वी जयन्तीका अवसरमा हरेक वर्ष सैनिक मुख्यालय भवन जंगीअड्डा परिसरमा रहेको राष्ट्रनिर्माताको पूर्णकदको सालिकमा माल्यार्पण गरी सम्मान प्रकट गर्दै आएको छ । राष्ट्रनिर्माताले त्यसबेला दिएको अर्ति मुलुकमा सुशासन कायम गर्न निकै उपयोगी रहेको जनाउँदै कैयौं संघ-संस्थाले विद्यालय तथा कलेजका पाठ्यपुस्तकमा समावेश गर्न माग गरेका छन् । उनको निधन ५२ वर्षको उमेरमा विसं. १८३१ मा भएको थियो ।

# धनुषामा झडप हुँदा १२ जना घाइते



**धनुषा/मस–** धनुषामा ऐलानी जग्गाको विषयमा भएको झडपमा १२ जना घाइते भएका छन् । जिल्लाको मिथिला नगरपालिका-२ नक्टाझिज सुखजोरमा रहेको सतलोक आश्रमले ऐलानी जग्गा हड्पेको भन्दै जग्गा खाली गराउन गएका स्थानीय र आश्रमका प्रतिनिधिबीच झडप हुँदा १२ जना घाइते भएका हुन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख रुगमबहादुर कुँवरका अनुसार झडपमा घाइते भएका सबैलाई प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका लागि लगिएको छ । स्थानीय सुनिल परियार, विक्रम परियारसहित अधिकांशको टाउकोमा चोट लागेको उनले बताए ।

स्थानीय प्रदर्शनकारीले आश्रमबाट निस्केको एम्बुलेन्समाथि तोडफोड गरेपछि सम्भावित दुर्घटना हुन नदिन र अवस्था नियन्त्रणमा लिन प्रहरीले छ सेल अश्रुग्याससमेत प्रहार गरेको प्रहरी प्रमुख कुँवरले बताए । यसैबीच, दुई पक्षबीच भएको झडपका कारण अवरुद्ध बनेको ढल्केवर-जनकपुर सडकखण्डलाई प्रहरीको सक्रियतामा सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमको नेतृत्वमा खटिएको टोलीले जग्गा तथा आश्रमको वास्तविकताबारे अध्ययन गरिरहेको छ । उनका अनुसार विवाद उग्र बन्दा दुवै पक्षबीच ढुंगा हानाहानको स्थिति पैदा भएको थियो ।

# 'कठिन परिस्थितिमा पनि प्रहरी सुरक्षामा प्रतिबद्ध छ'



**काठमाडौं/मस–** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले कठिन परिस्थिति र ठूलो क्षतिका बाबजुद पनि नेपाल प्रहरी नागरिकको सुरक्षाका लागि निरन्तर खटिएको बताएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक कार्यालयद्वारा शनिबार आयोजित सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह, २०८२ को शुभारम्भ गर्दै आइजिपी कार्कीले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा नेपाल प्रहरीका विभिन्न कार्यालय तथा भवनमा आगजनी गरिएको, ट्राफिक प्रहरीका संरचना र उपकरणहरूमा ठूलो क्षति पुगेको स्मरण गराए ।

उनले भने, 'आन्दोलनका क्रममा प्रहरीका विभिन्न कार्यालयमा ठूलो क्षति भयो । त्यस कठिन घडीमा पनि प्रहरीका खुट्टामा जुत्ता नहुँदा, शरीरमा लुगा नहुँदा समेत नागरिकको सुरक्षाका लागि सडकमा उभिइरह्यो । हामी अहिले खरानीबाट उठेर पनि नागरिकको सुरक्षा सुनिश्चित गर्न सडकमा छौं ।'

महानिरीक्षक कार्कीले ट्राफिक सप्ताह, २०८२ लाई केवल औपचारिक कार्यक्रमका रूपमा नभइ, नागरिक चेतना अभिवृद्धिको अभियानका रूपमा लिन आग्रह गरे । उनले नेपालका सवारी चालकदेखि पैदल यात्रुसम्म सबैले सभ्य, शिष्ट र जिम्मेवार नागरिकको व्यवहार देखाउँदै ट्राफिक नियमको पूर्ण पालना गर्ने विश्वास व्यक्त गरे ।

'ट्राफिक प्रहरीले हात हल्लाएर सडकमा ड्युटी गर्नुपर्ने अवस्था अन्त्य होस्,' उनले भने, 'सभ्य नागरिक बनौं, ट्राफिक नियम पालना गरौं । यही नै ट्राफिक सप्ताह, २०८२ को मूल उद्देश्य हो ।'

आइजिपी कार्कीले कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासन स्थापना हुने, कानुनी शासनबाट सुशासन आउने र सुशासनले समृद्ध राष्ट्र निर्माणमा योगदान पुर्‍याउने उल्लेख गरे । साथै, ट्राफिक सप्ताहको सफलताका लागि आम नागरिकको सक्रिय साथ, सहयोग र सहभागिता अपरिहार्य रहेको बताए ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नवराज अधिकारीले अभियानमाथि प्रकाश पार्दै जेनजी युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा भएको क्षतिको स्मरण गर्दै उक्त आगजनीका कारण ट्राफिक प्रहरीका संरचना ध्वस्त भएको, उपकरण नष्ट भएको र कार्यालयमा रहेका नागरिकका महत्वपूर्ण कागजात जलेको बताए । 'आम नागरिकको सहयोगमा हामी अहिले पुनर्निर्माणको चरणमा छौं,' उनले भने, 'भविष्यमा यस्ता ध्वंसात्मक गतिविधि नदोहोरिऊन् भन्ने हाम्रो कामना छ । सबै नागरिकले ट्राफिक नियमको अक्षरस पालना गर्नु हुने छ भन्ने हाम्रो विश्वास छ ।' उपत्यका प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) ईश्वर कार्कीले सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह, २०८२ को सफलताको शुभकामना व्यक्त गरे ।

उनले काठमाडौं उपत्यकामा बढ्दो सवारी चाप र दुर्घटनाका घटनालाई न्यूनीकरण गर्न सबै पक्ष प्रहरी, चालक, यात्रु र सर्वसाधारण सजग र जिम्मेवार हुनुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा काठमाडौं महानगरपालिकाका नगरउपप्रमुख सुनिता डंगोलले शिक्षित वर्गलगायत आम नागरिकबाट नै ट्राफिक नियमको उल्लंघन हुने भएकाले उक्त कुरा यही अभियानबाट अन्त गर्नुपर्ने धारणा राखे ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी, विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका उच्च अधिकारी, कलाकार, सञ्चारकर्मी लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो । उक्त अभियान आजदेखि सुरु भई आउँदो माघ ३ गतेसम्म सञ्चालन हुनेछ । अभियानअन्तर्गत ट्राफिक सचेतना, नियम पालना, सवारी अनुशासन, पैदल यात्री सुरक्षा तथा दुर्घटना न्यूनीकरणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

# पर्साको पोखरियामा प्रादेशिक अस्पताल सञ्चालनमा

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २६ पुस



प्रादेशिक अस्पताल पोखरियाको एक विशेष समारोहकाबीच उद्घाटन गरिएको छ । पर्साको दोस्रो सदरमुकामको रूपमा रहेको पोखरियामा निर्माण गरिएको प्रादेशिक अस्पतालको मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादव र मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले संयुक्त रूपमा शिलालेख अनावरण गर्दै उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि मुख्यमन्त्री यादवले प्रादेशिक अस्पताल पोखरियाको विकासका लागि आफू पूर्ण रूपमा तत्पर रहेको बताए ।

उनले मधेश प्रदेशका विभिन्न मन्त्रालयहरू, मेडिकल सुपरिटेन्डेन्ट, डाक्टर तथा कर्मचारीहरूको उपस्थितिमा प्रादेशिक अस्पतालहरूमा आवश्यक जनशक्ति सरुवा गरिसकिएको जानकारी दिए । यदि सरुवा भएको स्थानमा स्वास्थ्यकर्मीहरू नजाने हो भने कारबाही गर्ने निर्देशन मन्त्रालयका सचिवलाई दिइसकेको मुख्यमन्त्री यादवले स्पष्ट पारे ।

मुख्यमन्त्री यादवले प्रादेशिक अस्पतालहरूको अवस्थाबारे चर्चा गर्दै वीरगञ्ज वरपरका जनताले स्वास्थ्य सेवा लिन सहज भएपनि पश्चिमतर्फका जनतालाई वीरगञ्ज आउन-जान तथा महँगो स्वास्थ्य सेवा लिन समस्या देखिएको बताए । त्यसैले उनले जिल्लाको दोस्रो सदरमुकामको रूपमा रहेको प्रादेशिक अस्पताल पोखरियालाई सक्षम र प्रभावकारी बनाउन विशेष जोड दिएका छन् । उनले अस्पतालको भौतिक संरचना, दक्ष डाक्टर तथा अत्याधुनिक स्वास्थ्य उपकरणको व्यवस्था गरी यस क्षेत्रका जनतालाई सहज स्वास्थ्य सेवा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा मुख्यमन्त्री यादवले मधेश प्रदेशमा चारवटा प्रादेशिक अस्पताल स्थापना गर्ने निर्णय प्रदेश सभाबाट पारित भइसकेको र तीमध्ये पोखरिया अस्पताल पनि रहेको उल्लेख गर्दै प्रादेशिक अस्पताल पोखरियालाई पूर्ण सहयोग गरिने प्रतिबद्धता जनाए । साथै, यस क्षेत्रको समग्र विकासका सन्दर्भमा टाउन हल र स्टेडियमका लागि छुट्याइएको बजेटलाई निरन्तरता दिइ बहुवर्षीय योजनामा राखेर सम्पन्न गर्ने उद्घोष गरे ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले अब पोखरिया अस्पताललाई प्राविधिक मोडलको अस्पतालका रूपमा विकास गरिने बताए ।

उनले बाहिरका निजी स्वास्थ्य संस्थाजस्तै प्रादेशिक अस्पताल पोखरियामा पनि सस्तो, गुणस्तरीय तथा सुविधाजनक स्वास्थ्य सेवा उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे । प्रादेशिक अस्पताल पोखरियालाई नमुना अस्पतालको रूपमा विकास गर्न सक्दो सहयोग गरिने उनले जानकारी दिए ।

कार्यक्रम अस्पताल विकास समिति पोखरियाका अध्यक्ष उमेश चौहानको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा पूर्व मन्त्री सुरेन्द्र प्रसाद चौधरी, मधेश प्रदेशका कृषि मन्त्री श्याम प्रसाद पटेल, वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी, पूर्व कृषि मन्त्री तथा प्रदेश सांसद जनार्धन क्षेत्री, पूर्व खेलकुद मन्त्री प्रमोद जयसवाल, मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव प्रमोद यादव, स्वास्थ्य कार्यालय पर्साका प्रमुख विनोद झा, पोखरिया नगरप्रमुख प्रधुमन चौहान, पूर्व नगरप्रमुख दिप नारायण रौनियार, पूर्व उपप्रमुख सलमा खातुन, नेता नजामुदिन समानी, राजु साह, पनालाल पटेल, प्रादेशिक अस्पताल पोखरियाका मेडिकल सुपरिटेन्डेन्ट आनन्द रौनियार लगायतले पोखरिया अस्पताल तथा यस क्षेत्रका विकास निर्माणसम्बन्धी समस्याहरू प्रकाश पारेका थिए ।

साथै, सहभागी वक्ताहरूले प्रादेशिक अस्पताल पोखरियाको उत्तर-उत्तर प्रगतिको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन स्वास्थ्य सहसंयोजक शिव पटेलले गरेका थिए ।

# दिव्य बचत तथा ऋण सहकारीको २८औं वार्षिक साधारण सभा सम्पन्न




**मध्यान्ह संवाददाता**
पर्सा, २६ पुस

दिव्य बचत तथा ऋण सहकारी संस्थाले २८ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

कालिकामाई गाउँपालिका-५ बिरन्चीबर्वामा रहेको संस्थाले वार्षिक साधारण सभामा आर्थिक वर्ष २०८१/०८२ को बजेट ९ करोड ५२ लाख ८४ हजार २ सय ७३ रुपैयाको आय व्यय प्रस्तुत गरेको थियो । यस्तै संस्थाका लेखा प्रशासकिय अधिकृत बृजकिसोर चौहानले २०८२/०८३ चालु आर्थिक बजेट १५ करोड ५६ लाख ७० हजार बराबरको बार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए ।

बार्षिक साधारण सभामा संस्थाका अध्यक्ष उमेश चौहानले संस्थाले बिना धितो लगानी गरेर कृषि,भैसी पालन,बाख्रापालन,तथा व्यापार लगायतका क्षेत्रमा लगानी गरेर रोजगार सृजना गरेको बताए । उनले संस्थाले स्थानीयलाई साक्षर बनाएर सहुलियत दरमा ऋण दिएर आत्मनिर्भर बनाउनुको साथै संस्थाको आम्दानीबाट स्वास्थ्य , शिक्षा , कृषि सडक लगायत मठमन्दिरमा लगानी भइरहेको उल्लेख गरे ।

अध्यक्ष चौहानले युवाहरुलाई सहुलियत दरमा ऋण प्रदान गरिरहेको त्यसमा पनि महिलालाई विशेष प्राथमिकतामा राखिएको बताए । संस्थाले मोबाइल बैंकिङ सेवा पनि संचालनमा ल्याएको छ । घरैबाट सेवा लिने र मुडलीमा शाखा पनि छिटै संचालनमा आउने अध्यक्ष चौहानको जानकारी दिए । ऋण लिएर समयमै ऋण चुक्ता गर्ने सेयर सदस्यहरुलाई सम्मान गरिएको थियो ।

# जनकपुरधामका ८० प्रतिशत परिवार खानेपानी पहुँच बाहिर



**जनकपुरधाम/मस–** जनकपुरधाम नगरभित्र माग अनुसार खानेपानी वितरण तथा आपूर्ति नहुँदा ८० प्रतिशत परिवार खानेपानीको पहुँच बाहिर छन् । दैनिक आवश्यकताभन्दा करिब ३५ लाख लिटर कम खानेपानी आपूर्ति गर्दै आएको खानेपानी संस्थान जनकपुरधाम उपभोक्ताको मागअनुसार वितरण गर्नृ सकिरहेको छैन ।

जनकपुरधाम नगरक्षेत्रमा दैनिक २ करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले २० प्रतिशत घरमा मात्र पाइपमार्फत खानेपानी आपूर्ति गर्दै आएको जनाएको छ । कार्यालयका प्रमुख विष्णुदेव साहले राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार हाल जनकपुरधाममा ४० हजार ४ सय ९ परिवारमध्ये ५ हजारमामा खानेपानीको धारासहित मिटर जडान गरिएको जानकारी दिए । उनका अनुसार तीमध्ये ४० प्रतिशत घरमा आशिंक रूपमा मात्र पानी आपूर्ति हुने गरेको छ । पछिल्लो समय परिवारको संख्या पनि बढ्दै गएको उनको भनाइ छ ।

वडा नम्बर १० तथा रामानन्द चोकमा निर्मित ४ लाख ५० हजार लिटर क्षमताको दुईवटा ओभरहेड ट्यांकीमा ६ वटा डिपबोरिङबाट संकलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण भइरहेको प्रमुख साहले जानकारी दिए । करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण विभिन्न स्थानमा पाइप फुट्ने, चर्कने, जीर्ण संरचनालगायत समस्याले नियमित पानी वितरणमा चुनौती थपिएको उनको भनाइ छ ।

सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपबाट सबै वडामा खानेपानी आपूर्ति पुर्‍याउन समस्या भएको कार्यालयका प्रमुख साहले बताए । उनका अनुसार जीर्ण पाइपका कारण नियमित रूपमा ५० प्रतिशत मात्र पानी आपूर्ति भइरहेको छ ।

गत आर्थिक वर्षमा कार्यालय हाताभित्र १ करोड ३० लाख मूल्य बराबरको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्यांकी र ४ करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीबाट वडा नं ८ स्थित होटल सियाशरणसम्मको सडकको दायाँबायाँ आठ-आठ इन्चको पाइप बिछ्याएको थियो ।

सीमित स्रोत र साधनका बाबजुद त्यहाँबाट पाँच लाख लिटर पानी भण्डारण तथा धारा जडानको काम भइरहेको कार्यालय प्रमुख साहले बताए । यसैबीच, पटकपटक विद्युत् आपूर्ति बन्द हुँदा पानी वितरणमा समस्या हुने गरेको कार्यालयका कर्मचारीले गुनासो गरेका छन् । यहाँका अधिकांश परिवारले चापाकल तथा मोटर जडान गरेर खानेपानीसहित दैनिक प्रयोगका कार्य गरिरहेका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०८२ आइतबार
11 January 2026 Sunday

सम्पादकीय

## महिला नेतृत्वको सकारात्मक सन्देश

काठमाडौं उपत्यकाका ठुला सामुदायिक विद्यालयको नेतृत्वमा महिला पुगेका छन् । देशकै सबैभन्दा ठुलो दरबार हाइस्कुलले १ सय ७२ वर्षपछि पहिलोपटक महिला प्रधानाध्यापक पाएको छ भने ४ हजार ७ सयभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने ज्ञानोदय माविमा पनि महिलाकै नेतृत्व छ । झट्ट हेर्दा सामान्य लागे पनि विद्यालय शिक्षामा यसको गहिरो अर्थ छ । शिक्षामा सकारात्मक परिवर्तनको संकेत दिएको छ । प्रधानाध्यापकलाई 'हेड सर' समाजका लागि पनि यसले नयाँ सन्देश दिएको छ । नेतृत्वमा पुगेका महिला शिक्षकले विद्यालयमा ल्याएको परिवर्तनले महिलाले सक्दैनन् भन्ने सोचलाई कुनै न कुनै रूपमा जवाफ दिइरहेको छ । जसका कारण महिला प्रधानाध्यापक नियुक्ति सहज बन्दै गएको छ ।

ज्ञानोदय मावि र दरबार हाइस्कुल मात्र होइन, काठमाडौंका ठुला सामुदायिक विद्यालयको नेतृत्व महिलाले सम्हालिरहेका छन् । ज्ञानोदय, निलवराही, शान्ति निकेतनजस्ता विद्यालय उदाहरण हुन् । विद्यार्थी संख्या धेरै रहेका ती विद्यालयको नेतृत्व आफैंमा ठुलो जिम्मेवारी हो । तर महिलाले नेतृत्व सम्हालेका विद्यालयमा व्यवस्थापन राम्रो देखिएको छ । नतिजा सुधारिएको छ भने पारदर्शिता बढेको देखिन्छ ।

त्यसो त पछिल्लो समय शिक्षण पेसामा महिलाको संख्या उल्लेखनीय रूपमा बढेको छ । प्राथमिक तहमा महिला शिक्षक पुरूषभन्दा बढी छन् । बालविकास कक्षामा त महिला शिक्षककै बाहुल्यता छ । साना नानीहरूलाई महिलाले राम्रो हेरचाह गर्छन् र महिलाले सिकाएको बालबालिकाले छिटो बुझ्ने विभिन्न अध्ययनले पनि देखाएको छ । त्यसबाहेक समावेशिताका आधारमा महिलाका लागि छुट्याइएको कोटा र शिक्षणलाई सुरक्षित पेसा मान्ने धारणा यसका कारण हुन् । माथिल्ला तह र नेतृत्वमा पुग्दा भने महिला शिक्षकको संख्या भने घट्दै गएको देखिन्छ । महिला प्रधानाध्यापक बनेका विद्यालयमा आएको सुधार र शिक्षणमा महिलाको आकर्षणले त्यो संख्या बिस्तारै बढ्दै जाने अपेक्षा गर्न सकिन्छ । किनभने महिलाले नेतृत्व गर्न सक्दैनन् भन्ने भ्रम गलत साबित हुँदै जाँदा महिलाप्रति समुदाय र अभिभावक वर्गमा विश्वास जागेको छ । मिहेनत, अनुशासन र इमानदारिताबाट महिला प्रधानाध्यापकले विद्यालय सुधार गरेका थुप्रै उदाहरणले पनि प्रेरणा दिइरहेको छ ।

विद्यालयहरूमा देखिएको पछिल्लो परिवर्तनको सकारात्मक सन्देश समाजसम्मै पुग्न जरूरी छ । महिला भएकै कारण नेतृत्वबाट विमुख हुनुपर्ने स्थितिबाट नेपाली समाज माथि उठ्न जरूरी छ । त्यसका लागि विद्यालयमा बढ्दो महिला नेतृत्व र उनीहरूले विद्यालय शिक्षामा ल्याएको सुधार उदाहरण बन्नुपर्छ । शिक्षामा जस्तै समग्र देशको भविष्य समान नेतृत्वमै सुरक्षित छ ।

# राष्ट्र निर्माता पृथ्वीनारायण

*यदि पृथ्वीनारायण शाहले आफ्नो समयमा नेपालको एकीकरण नगरेको भए वर्तमान नेपालको भू-भाग तत्कालीन ब्रिटिस साम्राज्यको एक अंग बन्ने सम्भावना प्रबल थियो ।*

अग्रलेख



● विश्वनाथ खरेल



पृथ्वीनारायण शाहको बहुपहिचान रहेको पाइन्छ । विभिन्न राज्य-रजौटा, भुरे-टाकुरे तथा स-साना आकारमा छरिएर रहेका हिमाली राज्यहरूलाई एकीकरणको सूत्रमा बाँधी एउटा बलियो हिमाली राष्ट्र खडा गर्ने अभियन्ताका रूपमा उनको विशिष्ट पहिचान छ । फलस्वरूप देशको सिमाना व्यापक र सुदृढ बनाउने चाहना राख्ने चिन्तकका रूपमा उनको अर्को परिचय देखिन्छ । यस कारण कतिपयले उनलाई केवल राजाका रूपमा मात्र हेर्ने गरेका छन् । तर उनका क्रियाकलापहरूको अध्ययन गर्दा उनी नेपालका राष्ट्र निर्माता, राष्ट्राध्यक्ष र राष्ट्र प्रेमीका रूपमा समेत चिनिन्छिन् भन्ने तथ्य स्पष्ट हुन्छ ।

उनको जन्म जयन्तीलाई राज्यले राष्ट्रिय एकता दिवसका रूपमा मनाउने गरेको थियो । यसरी पृथ्वीनारायण शाह नेपालका राष्ट्र निर्माता, युगपुरुष, राष्ट्रभक्त र सर्वोपरि रूपमा आधुनिक नेपालका निर्माता हुन् । उनले आफ्नो सम्पूर्ण जीवन राष्ट्र निर्माणकै निम्ति समर्पण गरेका थिए । एकीकरणका दौरानमा विविध संघर्ष र पराजयको सामना गर्नुपरे तापनि क्रमशः एक-एक खुड्किला पार गर्दै अघि बढ्नु उनको अदम्य साहस र तीव्र देशभक्तिको परिचायक हो ।

यस्ता राष्ट्र प्रेमी युग पुरुषको चर्चा गर्दा हामी नेपालीहरूको मन-मस्तिष्कमा सर्वप्रथम राष्ट्र निर्माता पृथ्वीनारायण शाहकै स्मरण हुन्छ । उनको विराट व्यक्तित्व र अमूल्य विचारहरूको चर्चा नेपालीहरूले जति गरे पनि थोरै नै हुन्छ । वास्तवमा २५० वर्षअघिको नेपालको सामाजिक, राजनीतिक तथा आर्थिक अवस्थालाई वर्तमान समयको मापदण्डबाट मूल्यांकन गरेर निष्कर्ष निकाल्नु सर्वथा अतिशयोक्ति ठहरिन्छ । एकीकरण अभियानका क्रममा केही कमजोरीहरू भएका हुन सक्छन्, तर जे भए पनि राजा पृथ्वीनारायण शाहको योगदानको परिणामस्वरूप नै आज हामी स्वतन्त्र राष्ट्र नेपालको नागरिक हुने गौरव प्राप्त गर्न सफल भएका हौं ।

यदि त्यस समयमा नेपालको एकीकरण हुन नसकेको भए वर्तमान नेपालको भू-भाग तत्कालीन ब्रिटिस साम्राज्यको एक अङ्ग बन्ने सम्भावना प्रबल थियो । पृथ्वीनारायण शाहले टुक्रा-टुक्रामा विभाजित राज्यहरूलाई एक सूत्रमा आबद्ध गरी नयाँ नेपालको जग मात्रै बसालेनन्, तत्कालीन नेपालको सामाजिक, राजनीतिक, आर्थिक अवस्थाको गहिरो अध्ययन, मनन र विश्लेषण गरी त्यसका आधारमा विभिन्न नीतिहरू पनि निर्धारण गरेका थिए । नेपाल र सम्पूर्ण नेपालीको अस्तित्व जोगाउन विभाजित नेपाललाई सबल र अखण्ड राष्ट्रका रूपमा उभ्याउने महान् कार्य पृथ्वीनारायण शाहबाटै भएकोमा इतिहास साक्षी छ ।

यसर्थ, नेपाल राष्ट्रको स्वतन्त्रता अक्षुण्ण राख्न पृथ्वीनारायण शाह र उनका उत्तराधिकारी राजाहरूले ब्रिटिस भारतको जालोबाट बच्न दीर्घकालसम्म सजग र सावधान रहनुपरेको थियो । विशाल भारतलगायत वरपरका धेरै देशहरूलाई आफ्नो अधीनमा पार्न सफल शक्तिशाली ब्रिटिस साम्राज्यवादसँग एउटा सानो देश भएर पनि नेपालले सामना गर्न सक्नु निश्चय नै गर्वको विषय हो । यसरी देशभक्ति, वीरता र स्वाभिमानले ओतप्रोत भएका पृथ्वीनारायण शाहले नेपालको अस्तित्व जोगाउन आवश्यक नेतृत्व मात्र प्रदान गरेनन्, स्वयं निरन्तर राष्ट्रको विस्तार र विकासमा क्रियाशील रहे र

जब एसियाको यस भू-भागमा तमाम राज्य-रजौटाहरू एकपछि अर्को विदेशी शक्तिका सामु नतमस्तक हुँदै आत्मसमर्पण गर्न बाध्य भइरहेका थिए, त्यही समयमा पृथ्वीनारायण शाहले एकीकरणमार्फत राज्यको सिमाना विस्तार गर्नुका साथै एकीकृत तथा विजित क्षेत्रका धार्मिक, सांस्कृतिक सम्पदा र परम्पराको संरक्षणमा पनि विशेष ध्यान दिए । यही नीतिका कारण एकीकरण अभियानमा व्यापक जनसहयोग र सहभागिता जुट्न सम्भव भयो ।

विश्व इतिहासमा हेर्दा, कुनै पनि एकीकरण निर्विवाद र निर्विकल्प बनेका छैनन् । त्यसैले पृथ्वीनारायण शाहद्वारा गरिएको नेपाल एकीकरणका क्रममा भएका भनिएका अपवाद स्वरूप त्रुटि र कमजोरीहरूलाई मात्र उछालेर राष्ट्र निर्माणको सम्पूर्ण अभियानलाई मानमर्दन गर्नु उचित हुँदैन । पृथ्वीनारायण शाह राजकुलमा जन्मेका र राजा भएकै कारण सम्मानयोग्य बनेका होइनन्, उनले गरेको ऐतिहासिक योगदानका कारण नै उनी सम्मानका पात्र बनेका हुन् । उनको योगदानलाई छायामा पार्ने प्रयास गर्नु धरातलीय यथार्थमाथि आँखा चिम्लनु सरह हो ।

इतिहासमा जित्ने पक्षले आफ्नो प्रभाव, छाप र निर्णय स्थापित गर्नु स्वाभाविक प्रक्रिया हो । यसलाई तत्कालीन चेतनाको दृष्टिकोणबाट हेर्दा अस्वाभाविक प्रभुत्व जमाएको भनेर आरोप लगाउने ठाउँ कतै भेटिँदैन । देश निर्माणका लागि महत्वाकांक्षी योजना, साहस, संकल्प र दूरदर्शिता आवश्यक हुन्छ । पृथ्वीनारायण शाह दूरदर्शी राजा मात्र होइन, कुशल लडाकु, राजनीतिज्ञ र दार्शनिक पनि थिए । उनको सम्मान नेपालकै सम्मान हो ।

राष्ट्र निर्माता पृथ्वीनारायण शाहको अथक प्रयास र पराक्रमकै कारण वर्तमान नेपालको एकीकरण सम्भव भयो र हामी नेपाली कहलाउन पायौं । नेपाल चार वर्ण छत्तीस जातको फूलबारी भएकाले यहाँ जाति, धर्म र सम्प्रदायबिच दीर्घकालीन झगडा र मनोमालिन्यको इतिहास त्यति देखिँदैन ।

नेपालको ऐतिहासिक पृष्ठभूमिलाई पल्टाएर हेर्दा, लिच्छविकालीन राजा अंशुवर्माको शासनकाललाई नेपालको स्वर्ण युग मानिन्छ, जसमा सुनका सिक्कासमेत चलनमा थिए । यही ऐतिहासिक चेतनालाई अँगाल्दै आएका नेपाली समाजमा बिचमा बाइसी-चौबिसी राज्यकालका राजा-रजौटाहरूले मुलुकको स्वतन्त्र अस्तित्वलाई कमजोर पार्ने प्रयास गरे तापनि ती प्रयासहरू सफल हुन सकेनन् । पृथ्वीनारायण शाहले टुक्रिन लागेका भू-भागलाई एक सूत्रमा बाँध्ने दृढ अभिलाषासहित

> एकीकरण अभियानका क्रममा केही कमजोरीहरू भएका हुन सक्छन्, तर जे भए पनि राजा पृथ्वीनारायण शाहको योगदानको परिणामस्वरूप नै आज हामी स्वतन्त्र राष्ट्र नेपालको नागरिक हुने गौरव प्राप्त गर्न सफल भएका हौं ।

बाइसी-चौबिसी राज्यहरूको उन्मूलन गरी काठमाडौं, ललितपुर, भक्तपुरलगायत सम्पूर्ण प्रान्तहरूलाई एउटै राष्ट्रिय झन्डामुनि एउटै राजाको नेतृत्वमा सञ्चालित राज्य व्यवस्थाको घोषणा गरे । यही कारण आज नेपाल विश्वसामु शिर ठाडो गरेर उभिन सक्षम भएको छ ।

पृथ्वीनारायण शाहको अधिकांश जीवन युद्धमै बिते तापनि उनले शासन सुधार, जनताको सुख-सुविधा र सुशासनप्रति पनि उत्तिकै ध्यान दिए । जातीय तथा वर्गीय भेदभाव नगरी सबै जनताको सहयोगमा विशाल राष्ट्र निर्माण गरेका थिए । परराष्ट्र मामिलामा उनी अत्यन्त सचेत र दूरदर्शी थिए । आज नेपालले अवलम्बन गरिरहेको असंलग्न परराष्ट्र नीतिको आरम्भकर्ता पनि उनी नै छन् ।

पृथ्वीनारायण शाहको तुलना उनका उत्तराधिकारी अन्य राजाहरूसँग गर्न मिल्दैन । पृथ्वी जयन्तीलाई राष्ट्रिय महत्वका दिवसहरूको सूचीबाट केही समय हटाइनु उनको अवमूल्यन गर्नु हो । 'इतिहास शासकको चाहनाअनुसार लेखिन्छ' भन्ने उक्ति पृथ्वीनारायण शाहका सन्दर्भमा पूर्ण रूपमा चरितार्थ भएको देखिन्छ । त्यसैले उनको योगदानको उपेक्षा गर्ने अघिल्लो सरकारी निर्णय सच्याउने समय आएको थियो । वर्तमान नेपालको भौगोलिक एकीकरण अभियानको नेतृत्व गर्ने राष्ट्र निर्माता पृथ्वीनारायण शाहको सम्मान स्वरूप वि.सं. २०७९ सालदेखि पृथ्वी जयन्तीलाई राष्ट्रिय पर्वका रूपमा मनाउने निर्णय हुनु सकारात्मक कदम हो ।

यसर्थ, पृथ्वीनारायण शाहको पुनर्स्थापनाले राष्ट्रिय अखण्डताको पक्षमा र विखण्डनविरुद्ध सशक्त सन्देश दिनेछ । नेपालमा लोकतन्त्र र राष्ट्रियताको अभिन्न सम्बन्ध छ; राष्ट्रियता कमजोर भए लोकतन्त्र पनि बलियो हुन सक्दैन ।

## इतिहासमा आज

११ जनवरी १९७२ मा पूर्वी पाकिस्तानले आफ्नो नाम बंगलादेश राख्ने घोषणा गरेको थियो ।



११ जनवरी १९९८ मा अल्जेरियामा सिदी-हमेद सामूहिक नरसंहार गरिएको थियो । जहाँ १०० भन्दा बढी मानिसहरू मारिएका थिए ।



११ जनवरी २०१३ मा सोमालियाको बुलो मारेरमा एक फ्रान्सेली बन्धकलाई मुक्त गर्ने असफल प्रयासमा एक फ्रान्सेली सैनिक र १७ लडाकूहरू मारिएका थिए ।



११ जनवरी २०२० मा चीनको वुहान नगरपालिका स्वास्थ्य अधिकारीहरूलेकोभिड-१९ को संक्रमणबाट पहिलो मृत्यु भएको कुरा सार्वजनिक गरेका थिए ।



# कांग्रेसभित्रको शक्ति सन्तुलन र आगामी निर्वाचन

विचार



● नबराज न्यौपाने

> यदि कांग्रेस जनतामाझ विश्वासयोग्य विकल्प बन्न चाहन्छ भने आन्तरिक शक्ति सन्तुलनमा मौलिक सुधार अपरिहार्य छ । निर्णय प्रक्रिया समावेशी बनाउनु, तल्लो तहसम्मको सहभागिता सुनिश्चित गर्नु, टिकट वितरणमा स्पष्ट र पारदर्शी मापदण्ड लागू गर्नु आजको आवश्यकता हो ।

नेपाली कांग्रेस मुलुकको लोकतान्त्रिक आन्दोलनको इतिहाससँग गहिरो रूपमा गाँसिएको पार्टी हो । निरंकुशता विरुद्धको संघर्षदेखि संविधान निर्माणसम्म कांग्रेसको भूमिका निर्णायक रहँदै आएको छ । तर यही ऐतिहासिक विरासत बोकेको पार्टी आज बाह्य प्रतिस्पर्धीभन्दा बढी आफ्नै आन्तरिक संरचना, पद-शक्ति सन्तुलन र व्यवस्थापनका कारण कमजोर बन्दै गएको छ । पछिल्ला वर्षहरूमा कांग्रेसको राजनीतिक यात्रा हेर्दा, विचार वा नीतिभन्दा पनि नेतृत्व र गुटबाट सिर्जित विवादले समस्यामा छ ।

कांग्रेसभित्र पद र शक्ति केही सीमित व्यक्तिहरू वरिपरि केन्द्रित हुँदै गएको अनुभूति कार्यकर्ता तहमा गहिरो रूपमा फैलिएको छ । पार्टी सभापति, महामन्त्री र केन्द्रीय नेतृत्वको घेराभित्रै अधिकांश महत्वपूर्ण निर्णय सीमित हुँदा संगठनको तल्लो तहले अपनत्व महसुस गर्न सकेको छैन । जिल्ला, क्षेत्र र वडा तहसम्म संगठन विस्तार र सुदृढीकरणको जिम्मेवारी बोकेका कार्यकर्ताहरू निर्णय प्रक्रियाबाट टाढा राखिँदा संगठनको जरा नै कमजोर बन्दै गएको छ । यसले पार्टीलाई माथिबाट चलाइने संरचनामा सीमित बनाएको छ, जसले लोकतान्त्रिक अभ्यासको आत्मालाई नै चुनौती दिन्छ ।

राजनीतिक दलमा पद भनेको सेवा र जिम्मेवारीको माध्यम हुनुपर्ने मान्यता क्रमशः कमजोर हुँदै गएको छ । पद प्राप्ति नै अन्तिम लक्ष्य बन्न थालेपछि राजनीतिक संस्कारमा स्वार्थ, प्रतिस्पर्धा र अस्वस्थ दौड हाबी भएको देखिन्छ । यसले संगठनभित्र विश्वास र सहकार्यको वातावरण खल्बल्याएको छ । पदको लोभले विचार, नीति र जनसेवाको महत्व ओझेलमा पर्दा पार्टीको जीवन्तता घट्नु स्वाभाविक हो । यही कारण कांग्रेसको सांगठनिक ऊर्जा कमजोर बन्दै गएको अनुभूति सर्वत्र छ ।

कांग्रेसको इतिहास गुटगत राजनीतिबाट मुक्त भने कहिल्यै रहेन । तर विगतमा गुटहरू विचार, नीति र राजनीतिक धारसँग जोडिएका हुन्थे । आज त्यो परम्परा कमजोर हुँदै व्यक्ति केन्द्रित शक्ति प्रतिस्पर्धामा सीमित भएको छ । गुटहरू विचार निर्माणका मञ्चभन्दा पनि पद र अवसरको सौदाबाजी गर्ने समूहका रूपमा देखिन थालेका छन् । यसले पार्टीभित्र स्वस्थ बहस र वैचारिक स्पष्टता विकास हुन सकेको छैन । परिणामस्वरूप संगठन एकढिक्का हुने सट्टा खण्डित हुँदै गएको छ ।

पद बाँडफाँड, जिम्मेवारी तोक्ने र चुनावी टिकट वितरणका क्रममा योग्यता, योगदान र जनाधारभन्दा निष्ठा र नजिकपन हाबी हुँदा असन्तुष्टि जन्मिनु स्वाभाविक हुन्छ । यही असन्तुष्टि चुनावका बेला अन्तर्घात, निष्क्रियता र विद्रोहको रूपमा प्रकट हुन्छ । कांग्रेसले विगतका धेरै चुनावमा यही समस्या भोग्दै आएको छ । जित्न सकिने क्षेत्रहरूमा पनि आन्तरिक असहयोगका कारण हार बेहोर्नु पार्टीको पुरानो रोगजस्तै बनेको छ ।

कांग्रेसको अर्को गम्भीर चुनौती पुस्तान्तरणसँग सम्बन्धित छ । दशकौंदेखि निर्णायक भूमिकामा रहेका नेतृत्वले नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्न हिच्किचाइरहेको देखिन्छ । भाषण र दस्तावेजमा युवाको प्रशंसा गरिए पनि निर्णय प्रक्रियामा उनीहरूको प्रभाव नगण्य छ । यसले युवापुस्तामा निराशा र वितृष्णा बढाएको छ । ऊर्जा, नवीन सोच र प्रविधिसँग नजिक रहेको युवा पुस्तालाई समेट्न नसक्दा कांग्रेसको सामाजिक पहुँच विशेषगरी शहरी क्षेत्र र युवा मतदातामाझ कमजोर बन्दै गएको छ ।

आन्तरिक शक्ति सन्तुलन बिग्रँदा त्यसको प्रत्यक्ष असर निर्वाचनमा देखिन्छ । टिकट वितरणको विवाद, असन्तुष्ट उम्मेदवार र स्वतन्त्र उम्मेदवारी कांग्रेसका नियमित चुनावी समस्याका रूपमा दोहोरिँदै आएका छन् । संगठन कमजोर हुँदा कार्यकर्ता परिचालन प्रभावकारी हुन सक्दैन, जसले जित्न सकिने चुनाव पनि गुम्ने अवस्था सिर्जना गर्छ । यही कमजोरीका कारण कांग्रेस आफ्नै शक्तिमा भन्दा गठबन्धनमा बढी निर्भर देखिन्छ । गठबन्धन तत्कालीन रूपमा उपयोगी भए पनि दीर्घकालीन रूपमा यसले पार्टीको स्वतन्त्र राजनीतिक पहिचान र आत्मविश्वास कमजोर पार्ने खतरा बोकेको छ ।

यदि कांग्रेसले आगामी निर्वाचनमा जनतामाझ विश्वासयोग्य विकल्पको रूपमा आफूलाई प्रस्तुत गर्न चाहन्छ भने आन्तरिक शक्ति सन्तुलनमा मौलिक सुधार अपरिहार्य छ । निर्णय प्रक्रिया समावेशी बनाउनु, तल्लो तहसम्मको सहभागिता सुनिश्चित गर्नु, टिकट वितरणमा स्पष्ट र पारदर्शी मापदण्ड लागू गर्नु आजको आवश्यकता हो । युवालाई केवल भाषणको विषय होइन, नेतृत्वको केन्द्रमा ल्याउने साहसिक निर्णय बिना परिवर्तन सम्भव छैन । गुटभन्दा संगठन र व्यक्तिभन्दा संस्थालाई प्राथमिकता दिने राजनीतिक इच्छाशक्ति देखाउन सके मात्र कांग्रेस पुनः सशक्त बन्न सक्छ ।

नेपाली कांग्रेसको आगामी राजनीतिक यात्रा विपक्षी दलको रणनीतिभन्दा पनि आफ्नै आन्तरिक व्यवस्थापनले तय गर्नेछ । पद र शक्ति व्यवस्थापन गर्न सके कांग्रेस पुनः जनताको भरोसाको केन्द्र बन्न सक्छ । तर यो अवसर गुमाएमा पार्टीको गौरवशाली इतिहास वर्तमानको बोझमा सीमित हुने जोखिम बढ्दै जानेछ । कांग्रेसका लागि अब समय आत्मसमिक्षा र साहसी सुधारको हो, नत्र इतिहासले दिएको अवसर आफैंले गुमाउने खतरा नजिकिँदै छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

प्रियतावादीहरूको 'गुन्द्रुके एकता' महिनाभर टिकेन छ । यस्ता अधैर्य र अधमराले आफूलाई देश बनाउने 'नयाँ' दाबी गर्नुमर्नै होस् । अलि दिन पर्खिन पर्छ, बालेन पक्षको यो भन्दा ठूलो कन्तबिजोक हुन्छ, रुँदै निस्किन्छन् । अनि ठूलो भाग खान 'ठगतन्त्र'को मतियार बन्ने अवसरवादीहरूको भागाभाग हुन्छ ।

कांग्रेस विभाजित हुँदा मुलुकको एग्जिष्टिङ राजनीतिमा नै धेरै ठूलो प्रभाव पर्नेछ । सबैभन्दा ठूलो व्यक्तिगत राजनीतिक प्रभाव चाहिँ कांग्रेस नेता डा. शेखर कोइराला र उहाँको समूह (गुट)को अस्तित्वमा पर्नेछ । ठोस परिस्थितिको ठोस विश्लेषण ठोस समयमा गर्न चुक्दा ठूलो विरासत एकै क्षणमा भत्कन्छ ।



हरि रोका



गोकुल बास्कोटा

राजनीतिक गतिविधिमा सक्रिय रहेको चार दशक भो । सुनी रह्यो, भनी रह्यो- देशको अवस्था सङ्कटपूर्ण छ । तर किन, कसले र समाधान के भन्ने प्रश्नबाट हामी आफूले आफूलाई प्रायः अलग राख्यौ र अन्तै अमला देखायौं । अब समय फेरियो नेतृत्वसँग तर्क होइन परिणाम माग्दै छ देश । ती सबै तयार रहौं- जसले जवाफ दिन पर्छ ।

नेताको बोलीलाई किन पत्याउने ? केपी ओली, सुशीला कार्की सरकारलाई असंवैधानिक भन्थे, हाहु हाहु भन्थे, कठपुतली-बुख्याचा भन्थे, यसलाई मानिँदैन भन्थे । तर हिजो बालुवाटारमा तिर्सना मेटिने गरी सुशीलाको चाकडीमा ३ घण्टा बिताए । सरकारमा साझेदारी गर्न सकेसम्मको अफर दिए । खै त बोलीको अडान ?



तारानाथ दाहाल

# अतिक्रमणले हुलाकी राजमार्ग साँघुरिँदै
# बढ्यो दुर्घटनाको जोखिम

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ पुस



जिल्लाको पश्चिमी भेगमा पर्ने परोहा नगरपालिका र राजपुर नगरपालिकाको सिमानामा पर्ने पोखरीया दमार टोलस्थित हुलाकी राजमार्ग अतिक्रमणको चपेटामा परेको छ । सडको दुवै तर्फबाट अतिक्रमण हुँदा राजमार्ग साँघुरो बन्दै गएको र दुर्घटनाको जोखिम अत्यधिक बढेको स्थानीयवासीहरूले गुनासो गरेका छन् ।

स्थानीयका अनुसार राजमार्गको दायाँ-बायाँ निजी जग्गाजस्तै गरी पराल, दाउरा, बालुवा, गिट्टी, इँटा, माटो थुपारिनुका साथै सवारीसाधन पार्किङ र कतिपय स्थानमा घरसमेत निर्माण गरिएको हो । यसले राष्ट्रिय महत्वको हुलाकी राजमार्गलाई अवरुद्ध बनाउँदै पैदलयात्री तथा सवारी चालकहरूको जीवन जोखिममा पारेको छ ।

उक्त क्षेत्र पहिले नै अति दुर्घटनाग्रस्त क्षेत्रको रूपमा चिनिँदै आएको भए पनि अतिक्रमण हटाउनेतर्फ परोहा नगरपालिकाका मेयर शेख वकिल र राजपुर नगरपालिकाका मेयर राजीक आलमले कुनै ठोस कदम नचालेको स्थानीयको आरोप छ । अतिक्रमण गर्नेहरूले आफ्नै भोट बैंक भएका कारण जनप्रतिनिधिहरू मौन बसेको स्थानीयहरूको बुझाइ रहेको हो ।

स्थानीयहरूले प्रश्न उठाएका छन्, सडक नै कब्जा भएको स्थानमा भोलि कुनै ठूलो दुर्घटना भए त्यसको जिम्मेवारी कसले लिने ? राजनीतिक स्वार्थ र प्रशासनिक उदासीनताका कारण अतिक्रमण खुल्लमखुल्ला भइरहँदा सम्बन्धित निकायको मौनताले थप चिन्ता बढाएको उनीहरूको भनाइ छ । नागरिकहरूले तत्काल सडक अतिक्रमण हटाई हुलाकी राजमार्गको वास्तविक स्वरूप कायम गर्न स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय र सडक विभागको ध्यानाकर्षण गराउँदै आएका छन् । तर हालसम्म पनि ठोस पहल नहुँदा सडक व्यवस्थापन कागजमै सीमित भएको आरोप स्थानीयस्तरमा उठ्न थालेको छ ।

समयमै अतिक्रमण नहटाइए भविष्यमा हुनसक्ने ठूला दुर्घटनाले जनधनको क्षति मात्र होइन, सम्बन्धित जनप्रतिनिधि र निकायको भूमिकामाथि गम्भीर प्रश्न खडा गर्ने निश्चित देखिएको हो । यसबारे परोहाका नगर प्रमुख शेख वकीलसँग सम्पर्क राख्दा उक्त सडक अतिक्रमण र अवरोधबारे आफु जानकार रहेको र यसलाई हटाउन पटक-पटक प्रयास गरेको बताए ।

'हामीले पटक पटक बाटो अवरुद्ध हुने गरी राखिएका पराल, दाउरा, बालुवा, गिट्टी, इँटा, माटोआदि हटाएका छौं,' मेयर वकीलले मध्यान्हसँग भने, 'तथापि कतिपयले फेरि बाटोमै सामानहरू थुपार्ने गरेको पाइएको छ । हामी अव कडाइका साथ राजमार्ग खुला बनाउने कार्यमा लाग्छौं ।' उनले अनाधिकृत रूपमा पार्किङ गरिएका सवारीसाधनहरुलाई ट्राफिक प्रहरीको समन्वयमा कारबाही गरिने पनि बताए । यस्तै राजपुर नगरपालिकाका प्रमुख डा. मो. राजिक आलमसँग मध्यान्हले सम्पर्क गर्दा पोखरीया दमार टोलस्थित हुलाकी राजमार्गमा भइरहेको अतिक्रमणबारे आफ्नो ध्यानाकर्षण भएको बताए । नगर प्रमुख आलमले कार्यालय खुल्ने वित्तिकै नगर प्रहरीहरू परिचालन गरेर अतिक्रमण हटाइने पनि जानकारी दिए ।

## त्रिपुरासुन्दरीमा हाकिम पाउनै मुस्किल
# पठाएका आउँदैनन्, आएका टिक्दैनन्

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २६ पुस




डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत लामो समय टिक्न नसक्दा नगरपालिकाको समग्र आर्थिक तथा प्रशासनिक कामकाज प्रभावित बनेको छ । पछिल्लो एक वर्षको अवधिमा मात्रै तीन जना प्रमुख प्रशासकीय अधिकृत फेरिँदा नगरपालिकाको सेवा प्रवाह पूर्ण रूपमा ठप्प अवस्थामा पुगेको छ ।

आर्थिक कारोबारसमेत समयमै हुन नसक्दा सेवाग्राही प्रत्यक्ष मारमा परेका छन् । स्थानीय जनप्रतिनिधि र कर्मचारीबीचको समन्वय अभाव, राजनीतिक दबाब तथा दुर्गम क्षेत्रको चुनौतीका कारण हाकिमहरू टिक्न नसक्ने बताइए पनि मुख्य समस्या भने जनप्रतिनिधि र कर्मचारीबीचको टकराव नै भएको कर्मचारीहरूको भनाइ छ ।

पालिकामा पछिल्लो चार महिनायता मात्रै तीन जना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन्। शिक्षा अधिकृत भीमबहादुर थापाले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिरहेका बेला गत असोजमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपसचिव नोखिराम ओलीलाई त्रिपुरासुन्दरीमा पठाएको थियो । दशैंको मुखमा कर्मचारीलाई तलब वितरण गर्न आएका ओली एक-दुई दिन मात्रै पालिकामा बसेका थिए । दशैं-तिहारपछि केही दिनका लागि पुनःकार्यालय आएर प्रदेश राजधानी सुर्खेत हुँदै संघीय राजधानी काठमाडौं पुगेका उनी त्यसपछि फर्केर नआएको पालिकाका एक कर्मचारीले बताए। उनका अनुसार ओलीले पालिकामा कार्यरत केही कर्मचारीहरूको तलब पुषमा काठमाडौंबाटै हालिदिएका थिए ।

ओली फर्किन नचाहेपछि नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत पठाइदिन मन्त्रालयलाई आग्रह गर्‍यो । हाकिम ल्याउने पहल गर्दै त्रिपुरासुन्दरीकी उपप्रमुख देवी घर्ती डोल्पाबाट काठमाडौं पुगेर सिंहदरबारमा निरन्तर धाएपछि मन्त्रालयले गत पुस १८ गते बाँकेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रमुख हरीबहादुर खत्रीलाई पठाउने निर्णय गरेको थियो । तर चिसोमा बस्न नसक्ने भन्दै उनले जान अस्वीकार गरेको उपप्रमुख घर्तीले जानकारी दिइन् । यस विषयमा खत्रीसँग बुझ्दा उनले आफ्नो स्वास्थ्य र घरायसी समस्याका कारण त्यहाँ जान नसक्ने भन्दै मन्त्रालयमा आग्रह गरेको बताए ।

त्रिपुरासुन्दरीमा ओली मात्रै होइनन् उनी भन्दा अगाडि आएका उपसचिवहरु समेत धेरै नबसेको इतिहास छ । नगरपालिकामा उपसचिवको दरबन्दी भएपनि निमित्तको भरमा चल्दै आइरहेको थियो । अहिले त्यही निमित्त पाउन पनि त्रिपुरासुन्दरीलाई मुश्किल परिरहेको छ ।

हाल पालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा दशैं-तिहारपछि सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा केही कर्मचारीले अझै तलब पाउन सकेका छैनन् । यसैबीच पालिकामा कार्यरत केही उच्च तहका कर्मचारी सहित केही कर्मचारी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेपछि उनीहरू निलम्बनमा छन् । आधा दर्जन कर्मचारी निलम्बनमा परेका कारण सेवा प्रवाह कमजोर बनेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा आर्थिक तथा प्रशासनिक काम पूर्ण रूपमा ठप्प भएको त्रिपुरासुन्दरी नगरपालिकाका एक वडाध्यक्षले जानकारी दिए ।

पालिकाका एक कर्मचारीका अनुसार जनप्रतिनिधिहरूबीचको टकरावकै कारण हाकिमहरू टिक्न नसक्ने र नयाँ हाकिम आउनसमेत नमान्ने अवस्था सिर्जना भएको छ । उनका अनुसार आर्थिक वर्षको मध्यतिर आइपुग्दा एउटा योजना बाहेक अन्य कुनै पनि योजनाको सम्झौता हुन सकेको छैन ।

पालिकामा कार्यरत सिनियर शाखा अधिकृतहरूलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी लिन आग्रह गर्दा उनीहरू तयार नहुने र कनिष्ठ कर्मचारीलाई सिफारिस गर्दा मन्त्रालयले स्वीकृति नदिने समस्या रहेको उपप्रमुख घर्ती बताउँछिन् ।

'यहाँ भएका अधिकृतहरु हाकिम बन्देउ भन्दा पनि बन्दैन भन्छन्, सिनियर हुँदा हुँदै कनिष्ट अधिकृतलाई मन्त्रालयले मान्दैन रहेछ , नयाँ आएका धेरै टिक्दैनन्' उनले भनिन् 'जनप्रतिनिधि र कर्मचारी बीच त्यस्तो कुनै टकराव त अहिलेसम्म भएको छैन ।'

बारम्बार प्रमुख प्रशासकीय अधिकृत फेरिने र नटिक्ने भएपछि त्रिपुरासुन्दरीका स्थानीयवासीहरूले नगरपालिकामा स्थायी र जिम्मेवार प्रमुख प्रशासकीय अधिकृतको तत्काल व्यवस्था नगरेसम्म सेवा प्रवाह सहज नहुने बताएका छन् ।

## नेपाल पत्रकार महासंघका पूर्वसभापति दाहालको निधन



**काठमाडौं/मस**–नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा तथा नेपाल पत्रकार महासंघका पूर्वसभापति होमनाथ दाहालको निधन भएको छ ।

केही समयदेखि घुँडासम्बन्धी समस्याबाट अस्वस्थ भइ मैतीदेवीस्थित आफ्नै घरमै उपचारमा रहेका ८४ वर्षीय दाहालको हृदयाघात भएर निधन भएको हो ।

उनलाई उपचारका लागि शुक्रबार राति वीर अस्पतालमा लगिएको थियो ।

ओखलढुंगा जिल्लाको तत्कालीन बरुणेश्वर गाउँपालिकामा जन्मिएका दाहाल पूर्वकृषि, सहकारी तथा गरिबी निवारणमन्त्री हुन् ।

उनी मुखपत्र राष्ट्रपुकार साप्ताहिकको सम्पादक थिए । उनले नेपाली कांग्रेस ओखलढुंगा जिल्ला सदस्य तथा तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक)का केन्द्रीय सदस्यसमेत भएर जिम्मेवारी सम्हाले । उनको पार्थिव शरीर पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ । उनका श्रीमती, दुई छोरा छन् ।

## नेपाली साझा मञ्च
# साउदीको अध्यक्षमा पुनः गुभाजु



**रियाद, साउदी अरब/मस**– 'देशको लागि केही गरौं' भन्ने मूल नारासहित साउदी अरबमा क्रियाशील नेपाली साझा मञ्च, साउदीले आफ्नो १०औं वार्षिकोत्सव, चौथो अधिवेशन तथा नववर्ष २०२६ को शुभकामना आदान-प्रदान कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ ।

रियादस्थित नेपाली दूतावासका श्रम काउन्सेलर कबिराज उप्रेतीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा दूतावासका प्रतिनिधि, विभिन्न संघ-संस्थाका अगुवा तथा ठूलो संख्यामा नेपाली समुदायको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि उप्रेतीले पानसमा बत्ती बालेर तथा अतिथिहरूबाट ब्यानरमा हस्ताक्षर गराई फरक शैलीमा गरिएको थियो ।

कार्यक्रममा मञ्चका महासचिव राजु केसीले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै चालु कार्यकालमा मञ्चमार्फत करिब १५ हजार नेपालीहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित भएको जानकारी गराए । प्रमुख अतिथि उप्रेतीले मञ्चले गर्दै आएको सामाजिक कार्यको प्रशंसा गर्दै साउदीको कानुनी संवेदनशीलता र श्रमिक हितका विषयमा दूतावास सधैं गम्भीर रहेको बताए ।

अधिवेशनले आगामी २०२६ देखि २०२८ सम्मको कार्यकालका लागि अञ्जान गुभाजुको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ । नवनिर्वाचित अध्यक्ष गुभाजुले श्रमिकहरूको हितमा बचत प्रवर्द्धन, बैंक खाता तथा डिम्याट सुविधा, निःशुल्क श्रम नवीकरण र सामाजिक सुरक्षा कोषसँग समन्वयजस्ता विषयमा मञ्चले सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमलाई थप आकर्षक बनाउन नेपालबाट आमन्त्रित चर्चित लोक तथा दोहोरी गायिका तुलसी क्षेत्रीले आफ्ना लोकप्रिय गीतमार्फत दर्शकलाई मन्त्रमुग्ध बनाइन् । साथै स्थानीय कलाकार रोम लामा, दिव्या, दीक्षा थापा लगायतले पनि सांगीतिक प्रस्तुति दिएका थिए ।

सो अवसरमा नेपाली राजदूतावास रियाद, जेद्दास्थित महावाणिज्य दूतावास, नेपाल वायु सेवा निगमकी कन्ट्री हेड अञ्जु शर्मा, एनआरएनए एनसिसी साउदीकी निवर्तमान अध्यक्ष तथा संरक्षक रबिना अर्याल, ग्लोबल आईएमई रेमिटका गल्फ हेड राम बी. क्षेत्री, कास्की सेवा समाज, मोरङ-सुनसरी समाज, झापाली समाज, स्याङ्जा सहयोग समाज, हेल्प मधेसीका अध्यक्ष श्यामकुमार महतो तथा प्रवासी मिलन एकता समाजका अध्यक्ष काजी गुरुङलाई नेपाली समुदायप्रति पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

नेपाली साझा मञ्च साउदीको २०२६-२८ कार्यकालका लागि प्रमुख संस्थागत संरक्षकमा कृष्ण पुरी, संरक्षकमा विष्णु घिमिरे र प्रमुख सल्लाहकारमा अकल प्रधान चयन भएका छन् । कार्यसमितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्षद्वय राजु केसी र भरत पौडेल, महासचिव तेजबहादुर सिलवाल (सिन्धुली), सचिव बिपुल ढुंगाना र कोषाध्यक्ष डिबी बलामी मगर चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा प्रनिशा रिमाल, राज जैरु, पुण्यप्रसाद घिमिरे, टिबी कुँवर, गंगाराम तामाङ, कृष्ण गिरी, नेत्र न्यौपाने, समर्पण रमदान मिया, प्रेम बोहरा, जगदिश खनाल, खड्ग तामाङ र सोम बिक रहेका छन् । मञ्चका सल्लाहकारमा टिकाराम पाण्डे र नागेश तामाङ चयन भएका छन् ।

# बागलुङ सेवा समाज कतारको अध्यक्षमा रसाइली

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २६ पुस



बागलुङमा जन्मिएर हाल कतारमा विभिन्न पेशा-व्यवसायमा संलग्न व्यक्तिहरूको सक्रियतामा स्थापित बागलुङ सेवा समाज दोहा, कतारको १४औं अधिवेशन उद्घाटन र बन्द गरी दुई चरणमा सफलतापूर्वक सम्पन्न भएको छ ।

शुक्रबार दोहाको अब्दुल अजिजस्थित घरवा रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनले तमानखोला गाउँपालिका-२ निवासी टेक रसाइलीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो ।

नयाँ कार्यसमितिको प्रथम उपाध्यक्षमा झपेन्द्र सापकोटा (बागलुङ नगरपालिका-४) र द्वितीय उपाध्यक्षमा चेतन पुन (बढिगाड गाउँपालिका-१) चयन भएका छन् । उपाध्यक्षहरूमा छम परियार (काठेखोला गाउँपालिका-५), मदन जीसी (बढिगाड गाउँपालिका-७), हिरा विक (निसीखोला गाउँपालिका-१) र कृष्ण गिरी (जैमिनी नगरपालिका-५) रहेका छन् ।

सचिवमा सुवास पौडेल (बागलुङ नगरपालिका-१४) चयन हुँदा सहसचिवमा बाबु कौशल (बागलुङ नगरपालिका-६) र कृष्ण सापकोटा (बागलुङ नगरपालिका-६) रहेका छन् । कोषाध्यक्षमा दीपक चालिसे (जैमिनी नगरपालिका-७) र सह-कोषाध्यक्षमा विनोद आचार्य (जैमिनी नगरपालिका-५) तथा तारा बिसी (बरेङ गाउँपालिका-३) चयन भएका छन् । सांस्कृतिक संयोजकको जिम्मेवारी राजन परियार (गलकोट नगरपालिका-५)लाई दिइएको छ ।

कार्यसमिति सदस्यहरूमा तोपलाल जैसी, सुनिल गौतम, श्रीप्रसाद वि.क, डम्मरबहादुर वि.क, देवबहादुर रसाइली, सकबहादुर वि.क, विशाल वि.क, ओमप्रकाश वि.क, झोकेन्द्र वि.क, विसन बिसी, पदम बिटालु, बागमती आदै मगर, गोकुल वि.क, तेजेन्द्र रसाइली, धनबहादुर रसाइली, रितु कुँवर, छमबहादुर विक र प्रकाश घिमिरे रहेका छन् ।

नव निर्वाचित कार्यसमितिलाई बागलुङ सेवा समाज दोहा कतार अक्षयकोषका अध्यक्ष तथा निर्वाचन समितिका सदस्य सन्तोष पौडेलले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए । शपथपछि नवनिर्वाचित अध्यक्ष रसाइलीले कतारदेखि नेपालसम्म संस्थागत सहकार्य गर्दै समाजको हितमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे ।

अधिवेशनको उद्घाटन सत्र समाजका अध्यक्ष निराजन गौतमको सभाध्यक्षता तथा समाजका संरक्षक एवं युवा व्यवसायी रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो अवसरमा बागलुङको पश्चिम भेगमा प्रचलित नौमती पञ्चेबाजाको पहिलोपटक पूजा गर्दै समुद्घाटन गरिएको थियो । नौमती बाजाको महत्व र आवश्यकताबारे समाजका उपाध्यक्ष छम परियारले प्रकाश पारेका थिए ।

प्रमुख अतिथि भट्टले समाजले नयाँ र फरक शैलीमा उल्लेखनीय कार्य गर्दै आएको भन्दै प्रशंसा व्यक्त गरे । उनले नयाँ कार्यसमितिले अझ रचनात्मक र प्रभावकारी काम गर्ने विश्वास व्यक्त गरे ।

खुला सत्रमा समाजका कोषाध्यक्ष कृष्ण गिरीले आयव्यय विवरण र सचिव मदन जीसीले पछिल्लो दुई वर्षमा सम्पन्न गतिविधि समेटिएको संस्थागत प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा यामुना पटेल, रेश्मी सेन्चुरी, तारा बिसी, सम्झना तामाङ, सुस्मिता मगर, देव विक, झपेन्द्र बिसी र बाबुराम रस्तेललगायत कलाकारहरूको सांगीतिक प्रस्तुति रहेको थियो । कलाकार हरूलाई पारिश्रमिकसहित सम्मान गरिएको थियो भने पत्रकारहरूलाई पनि सम्मान प्रदान गरिएको थियो ।

कतारमा स्थापित विभिन्न संघ-संस्थाका प्रतिनिधि, समाजसेवी, बौद्धिक व्यक्तित्व तथा बागलुङेहरूको उल्लेख्य उपस्थिति रहेको अधिवेशनमा वक्ताहरूले बागलुङ पर्यटनको प्रचुर सम्भावना बोकेको जिल्ला भएको उल्लेख गर्दै कतारमा बागलुङ भलिबलको गढका रूपमा चिनिने गरेको स्मरण गराए ।

समाजका संस्थापक तथा वर्तमान कार्यसमितिका संरक्षक होमनाथ शर्माले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा बागलुङ क्षेत्र नम्बर-१ बाट प्रत्यक्ष उम्मेदवारी दिने निर्णय गरेको प्रसंग उल्लेख गर्दै कतारको नेपाली समाज र बागलुङ सेवा समाजप्रति आभार व्यक्त गरे ।

अधिवेशनको खुला सत्रको सहजीकरण सहसचिव सुवास पौडेलले गरेका थिए भने समापन गर्दै सभाध्यक्ष गौतमले कार्यकालभर सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्दै आफू निवर्तमान भए पनि समाजसँग निरन्तर साथ रहने प्रतिबद्धता व्यक्त गरे ।

# हुलाकी राजमार्गमा ठेकेदार र कर्मचारीको मिलेमतो
## सुरही खोला पुलनजिकै अवैध माटो उत्खनन

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २६ पुस



हुलाकी राजमार्ग अन्तर्गत कपिलवस्तुको बहादुरगंज-रामनगर सडकखण्डमा पर्ने सुरही खोला पुल निर्माणस्थलमा गम्भीर लापरवाही र अवैध गतिविधि भएको पाइएको छ ।

पुलको गेबियन वाल निर्माणको जिम्मा पाएको श्री सपना/जय बागेश्वरी माता जे.भी.ले नवनिर्मित पुलका पिलर नजिकै अवैध रूपमा माटो उत्खनन गरी गेबियन वाल वरिपरि पुरिएको पाइएको हो ।

स्थानीयवासीका अनुसार हुलाकी राजमार्ग कार्यालय कपिलवस्तुका सम्बन्धित कर्मचारीहरूसँगको मिलेमतोमा ठेकेदारले पुलको संरचना कमजोर बनाउने र वरपरका किसानका खेतबारीमा प्रत्यक्ष क्षति पुग्ने गरी उत्खनन कार्य गरेको आरोप लगाएका छन् ।

स्थानीयका अनुसार ठेकेदारले हुलाकी राजमार्ग कार्यालयको एक पत्र देखाउँदै इलाका प्रहरी कार्यालय गणेशपुरका प्रहरी निरीक्षक महेश आचार्यलाई समेत प्रभावमा पारेर अवैध उत्खननलाई निरन्तरता दिएको हो । यस सम्बन्धमा हुलाकी राजमार्ग कार्यालय कपिलवस्तुका प्रमुख इन्जिनियर होमबहादुर ए.सी.सँग बुझ्दा पुलको तला-छत ढलानका क्रममा थुपारिएको माटो हटाइ पानी बग्ने बाटो सफा गर्नका लागि मात्र पत्र लेखिएको स्पष्ट पार्दै आफू स्वयं स्थलगत निरीक्षण गर्ने बताएका थिए ।

सोही कार्यालयका कर्मचारी सुरेन्द्र चौधरीका अनुसार कार्यालय प्रमुखले स्थलगत अनुगमनपछि ठेकेदारले गलत तरिकाले उत्खनन गरेको पुष्टि गर्दै तत्काल पुरानै अवस्थामा पुनःभराइ गर्न निर्देशन दिएका थिए । ठेकेदारले सोही दिन माटो पुरिदिने आश्वासन दिएको भए पनि उक्त निर्देशन र आश्वासन व्यवहारमा कार्यान्वयन भएको देखिँदैन । यो समाचार तयार पार्दासम्म अवैध रूपमा उत्खनन गरिएको माटो पुरिएको छैन ।

स्थानीय सद्दाम शाहका अनुसार पानी बग्ने बाटो सफा गर्ने बहानामा ठेकेदारले सरकारी नीति विपरीत अवैध माटो उत्खनन गरेका हुन् । यसअघि पनि सडक कटान रोक्न बनाइएको रिटेनिङ वालमा कमसल इँटा प्रयोग गरिएको र पुल नजिकैबाट निकालिएको माटो उत्खनन गरी पुरिएको उनले आरोप लगाए ।

यस किसिमको अवैध उत्खननका कारण राज्यको राजस्व चुहावट हुनुका साथै पुल कमजोर बन्ने, बाढीको समयमा नजिकका किसानका खेत कटानमा पर्ने र जोखिम अत्यधिक बढ्ने पुल आसपासका बासिन्दाहरूको गुनासो छ ।

स्थानीय नान बाबु कोरीका अनुसार कपिलवस्तुमा ठेकेदार र सरकारी कर्मचारीको मिलेमतोमा यस्ता अवैध उत्खनन तथा निर्माण कार्यमा चरम लापरवाही सामान्यजस्तै बन्दै गएको छ, तर सम्बन्धित निकाय भने मौन बसेको आरोप उनले लगाएका छन् ।

# ‘मिरमिरे’ सन्तानप्रति अभिभावकले देखेको भविष्यको कथा

**काठमाडौं/मस-** अभिनेता दयाहाङ राईले आफू अभिनीत नयाँ चलचित्र ‘मिरमिरे’ बुबा-छोरीको सम्बन्धलाई केन्द्रमा राखेर अभिभावकले सन्तानप्रति देख्ने सपना, आशा र भविष्यको संवेदनशील कथा बोकेको बताएका छन्। सतहमा सरल देखिए पनि भावनात्मक गहिराइमा पुग्दा धेरै तह खुल्ने चलचित्र भएकाले यसले दर्शकलाई सोच्न बाध्य पार्ने उनको भनाइ छ।

दयाहाङका अनुसार ‘मिरमिरे’मा एक बुबाले छोरीसँग आफ्ना वास्तविक पीडा र चिन्ता लुकाउँदै बाहिरबाट खुसी देखाउने अवस्थालाई अत्यन्त सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ। ‘बुबाले छोरीका अगाडि देखाउने बनावटी खुसी र भित्रभित्रै दबाएर राखिएको भावनालाई कसरी जीवन्त बनाउने भन्नेमा मेरो अभिनय केन्द्रित छ,’ उनले भने।

चलचित्रलाई सामान्य रूपमा हेर्दा बाबु-छोरीको भावुक कथा जस्तो लागे पनि गहिरिएर बुझ्दा यसमा जीवनका धेरै यथार्थ पक्षहरू समेटिएको दयाहाङको धारणा छ। ‘झट्ट हेर्दा खासै केही नदेखिएजस्तो लाग्न सक्छ, तर एकछिन रोकेर सोच्दा धेरै कुरा देखिन्छन्,’ उनी भन्छन्, ‘यही विशेषताले मलाई यस्तो कथामा काम गर्न आकर्षित गऱ्यो।’



उनका अनुसार ‘मिरमिरे’ दुःख र खुसीको मात्र तुलना गर्ने चलचित्र होइन, बरु जीवनप्रतिको लगाव, भावनाको संयम र मौन अभिव्यक्तिको कथा हो। ‘हामी प्रायः काममा प्यासन छैन भन्छौं, तर यो चलचित्र प्यासनले हेर्नुपर्ने खालको छ,’ दयाहाङले थपे।

चलचित्र हेरेपछि दर्शकले एकपछि अर्को प्रश्न गर्दै कथा भित्र पस्ने अवसर पाउने उनको विश्वास छ। ‘यो हेरेर सकिनेबित्तिकै समाप्त हुने कथा होइन, हेरेपछि पनि सोचाइलाई पछ्याउने सिनेमा हो,’ उनले बताए।

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको चलचित्र ‘मिरमिरे’ माघ १ गतेदेखि देशभर प्रदर्शनमा आउँदैछ। यार्सा फिल्म्सको प्रस्तुतिमा तयार भएको यस चलचित्रमा दयाहाङ राईसँगै प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलले अभिनय गरेका छन्।

चलचित्रका निर्माता निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङछिरिङ शेर्पा हुन् भने सह-निर्मातामा गोविन्द बोहरा र सुदिप कुँवर रहेका छन्। कार्यकारी निर्माताको जिम्मेवारी आरआर फिल्म्सका सञ्चालक तथा वितरक रोहित कट्टेलले सम्हालेका छन्।

यसैगरी, चलचित्रका लाइन प्रोड्युसरमा वीरेन्द्र शाही रहेका छन् भने सुदीप कुँवर मुख्य सहायक निर्देशक, सञ्जु थलाङ लिम्बु मेकअप आर्टिस्ट र दिलीप पन्त निर्माण नियन्त्रकका रूपमा आबद्ध छन्।

चलचित्र ‘मिरमिरे’को देशव्यापी वितरणको जिम्मा रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले लिएको छ। भावनात्मक कथावस्तु, मौन अभिनय र जीवनको सूक्ष्म यथार्थ प्रस्तुत गर्ने प्रयासका कारण ‘मिरमिरे’ यस वर्षको फरक स्वादको सिनेमा बन्ने अपेक्षा गरिएको छ।

# भरतचन्द्र गुरुङको ‘छ सलाम मायालाई’ विमोचन



**काठमाडौं/मस-** नेपाली सेनाका अवकाश प्राप्त उपरथी भरतचन्द्र गुरुङको गीति भिडियो ‘छ सलाम मायालाई’ विमोचन भएको छ। गुरुङ सेवा समाजद्वारा शनिबार काठमाडौंको युनिभर्सल रेसेप्सन प्यालेस, सुकेधारामा आयोजित कार्यक्रममा समाजका अध्यक्ष महेन्द्रबहादुर गुरुङले गीति भिडियोको विमोचन गरेका हुन्।

नेपाली सेनाका सहायक रथी गौरव गुरुङको रचना, पूर्वरथी डा. आशबहादुर तामाङको पटकथा लेखन रहेको गीति भिडियोमा संगीतकार मदनसिंह नेपालीको संगीत र संगीतकार मिलन मोक्तानको निर्देशन रहेको छ। ओखलढुंगा रुम्जाटारका लोकशैली र रक म्युजिक मिसिएको उक्त गीति भिडियो नितान्त मनोरन्जनका लागि तयार भएको गायक पूर्वउपरथी गुरुङले बताए।

भिडियोमा गायक गुरुङसहित उनकी धर्मपत्नी चाँदनी घले गुरुङलगायतले अभिनय गरेका छन्। कार्यक्रममा हाल बेलायतमा बसेर कला संस्कृतिको संरक्षण तथा समाजसेवा समर्पित रहेका रुम्जाटार लामा गुरुङ समाजका चेलीद्वय राजदेवी गुरुङ र प्रेमकुमारी गुरुङलाई समाजका अध्यक्ष गुरुङले सम्मानपत्रका साथ दोसल्ला ओढाइ सम्मान गरेका थिए। समाजका सचिव सञ्जु गुरुङले सञ्चालन गरेको कार्यक्रममा गायक गुरुङले प्रत्यक्ष रूपमा गीति भिडियो प्रस्तुत गरेका थिए।

स्वर्गीय क्या. इन्द्रजित गुरुङ तथा श्रीमती महालक्ष्मी गुरुङको तस्बिरमा माल्यार्पणपछि पानसमा दियो बालेर शुभारम्भ भएको कार्यक्रममा समाजका उपाध्यक्ष उपरथी नवराज गुरुङले स्वागत मन्तव्य राखेका थिए। संगीतकार नेपाली, संगीतकार मिलन मोक्तानलगायतले गीत, संगीत र गायनबारे संक्षिप्त मन्तव्य राखेका थिए।

कार्यक्रममा क्याप्टेन गणेश गुरुङ, अग्रज समाजसेवी क्याप्टेन मोहनकुमार गुरुङ, रुम्जाटार गुम्बा फाउन्डेसनका अध्यक्ष होमनाथ गुरुङलगायतका समाजसेवीको कार्यक्रममा उपस्थिति रहेको थियो। त्यस्तै कार्यक्रममा गीतकार समूहका अध्यक्ष वसन्त बित्यासी थापा, नेपालको पहिलो ड्रमर देव रानासहित खोटाङ गुरुङ सेवा समाजका अध्यक्ष होमनाथ गुरुङ, रुम्जाटार गुम्बा फाउन्डेसनका पूर्वअध्यक्ष शिआई टेकबहादुर गुरुङ, आमा समूह खोटाङकी अध्यक्ष सुनिता गुरुङ, रुम्जाटार गुरुङ सेवा समाजका पूर्वअध्यक्ष चन्द्रकला गुरुङ तथा नेपाली सेनाका उपरथी, रथी र सहायक रथीको उपस्थिति रहेको थियो।

# दिग्गज कलाकारहरूको साथ पाउँदै ‘गोबर गणेश’

**काठमाडौं/मस-** मरिचमान श्रेष्ठ ‘बल्छी धुर्वे’को निर्देशन तथा मुख्य अभिनय रहेको नेपाली चलचित्र ‘गोबर गणेश’ यतिबेला चर्चाको केन्द्रमा रहेको छ। सार्वजनिक भएको छोटो समयमै चलचित्रको ट्रेलरले युट्युबमा उल्लेखनीय चर्चा बटुल्दै गर्दा निर्माण टिमले प्रचारप्रसारलाई थप आक्रामक बनाएको छ।

विशेष गरी निर्देशक तथा अभिनेता बल्छी धुर्वे यतिबेला नेपाली चलचित्र क्षेत्रका दिग्गज व्यक्तित्वहरूसँग भेटघाटमा व्यस्त देखिन्छन्। चलचित्रको विषयवस्तु र निर्माण प्रक्रियाबारे जानकारी गराउँदै उनीहरूले आशीर्वाद तथा शुभेच्छा लिने क्रम जारी छ। यही सिलसिलामा बल्छीले महानायक राजेश हमाल, वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, निर शाह, चर्चित अभिनेता दीपकराज गिरी तथा निर्देशक दीपाश्री निरौला लगायतका प्रतिष्ठित कलाकारहरूसँग भेटवार्ता गरेका छन्।

भेटघाटका क्रममा दिग्गज कलाकारहरूले बल्छी धुर्वेको निरन्तर मेहनत, इमानदार प्रयास र लगनशीलताको मुक्तकण्ठले प्रशंसा गरेका छन्। टेलिभिजनबाट अभिनय यात्रा सुरु गरेका बल्छीले आज ठुलो पर्दामा नायक र निर्देशकको जिम्मेवारी सफलतापूर्वक सम्हाल्नु प्रेरणादायी उदाहरण भएको उनीहरूको भनाइ छ। वरिष्ठ कलाकारहरूले बल्छीको साहस, निरन्तरता र संघर्षले नयाँ पुस्ताका कलाकारहरूलाई पनि सही मार्गनिर्देशन गर्ने विश्वास व्यक्त गर्दै चलचित्र ‘गोबर गणेश’को सफलताका लागि शुभकामना दिएका छन्।

दिग्गज कलाकारहरूबाट पाएको हौसला र साथले चलचित्रको सम्पूर्ण टिम थप उत्साहित बनेको निर्माण पक्षले जनाएको छ। निर्माण टिमका अनुसार अनुभवी कलाकारहरूको सकारात्मक प्रतिक्रिया र आशिर्वादले चलचित्रप्रति जिम्मेवारी अझ बढेको महसुस गरिएको छ।

यसैबीच, एक साता अघि सार्वजनिक गरिएको ‘गोबर गणेश’को ट्रेलरले अनलाइनमा उल्लेखनीय सफलता हासिल गरेको छ। ट्रेलर हालसम्म करिब ३० लाख (३ मिलियन) पटक हेरिइसकेको छ भने युट्युबको नम्बर १ ट्रेन्डिङ मा समेत परेको छ। सामाजिक कथावस्तुमा आधारित हास्य र भावनाको सन्तुलित मिश्रण प्रस्तुत गरिएको ट्रेलरले दर्शकमाझ ठुलो कौतूहलता पैदा गरेको देखिन्छ।





बल्छी धुर्वे फिल्म्सको प्रस्तुतिमा निर्माण भएको यो चलचित्र आगामी माघ १ गते, माघे संक्रान्तिको अवसर पारेर देशभरका सिनेमा हलहरूमा रिलिज हुने तयारीमा छ। पर्वको अवसरमा रिलिज हुन लागेको चलचित्रप्रति दर्शकको अपेक्षा उच्च रहेको निर्माण पक्षको विश्वास छ।

चलचित्रमा बल्छी धुर्वेसँगै वर्षा शिवाकोटी, विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछाने लगायतको अभिनय रहेको छ।

प्राविधिक पक्षतर्फ तारानाथ न्यौपानेले चिफ एडीको जिम्मेवारी सम्हालेका छन् भने योगेश काजी शाहको पृष्ठभूमि संगीत (बीजीएम), शंकर पाण्डेको निर्माण, शिवराम श्रेष्ठको छायांकन (डीओपी) र विपीन मल्लको सम्पादन रहेको छ। चलचित्रको पब्लिसिटी डिजाइन टौवा स्टुडियोले गरेको छ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजिटल रहेको छ। नेपालमा चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ।

हास्य र सामाजिक सन्देशलाई एकसाथ प्रस्तुत गर्ने लक्ष्यसहित निर्माण भएको ‘गोबर गणेश’ले बक्स अफिसमा कस्तो प्रभाव पार्ला भन्ने चासो अहिले चलचित्रप्रेमीहरूबीच बढ्दो छ।


**सुदूरपश्चिम प्रदेस सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल, बाजुरा**
**मार्तडी**

**राशन ठेक्काको सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/२७**

यस जिल्ला अस्पताल बाजुरा अन्तर्गत इन्डोरमा भर्ना भएका विरामीहरू र भबितव्य कुनै महामारी वा प्रकोपले गर्दा भर्ना गर्नु पर्ने बिरामीहरूका लागि एक वर्षको निमित्त राशन सिदाखाना खुवाउनका लागि ठेक्का पट्टाद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र निम्न बमोजिम तोकिएका शर्तका अधिनमा रही राशन सिदा खुवाउन इच्छुक राशन सप्लार्यसवाला व्यक्ति वा फर्मले दरभाउ पत्र फाराममा रू १० (दश) को टिकट टाँसी शिलबन्दी दरभाउपत्र दिनहुन यो सूचना आव्हान गरिन्छ।

**शिलबन्दी दरभाउपत्रदाता (Instruction to Bidders) सँग सम्वन्धित शर्त तथा निर्देशनः**

शर्त नं. १- शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः-

शिलबन्दीमा आफुले कबोल गरेको दररेट भर्नु भन्दा अगाडि यस शिलबन्दी दरभाउपत्रमा लेखिएको कुराहरूलाई पालना गर्नुहुन शिलबन्दी दरभाउपत्र दातालाई जानकारी गरिएको छ।

१. नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, **आ.व. २०८१/०८२ को** करचुक्ता प्रमाण पत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्रका नोटरीबाट प्रमाणित प्रतिलिपी र प्रोपराईटर स्वयं उपस्थित नभएमा निजको मञ्जुरीनामाको सक्कलै निवेदन साथ संलग्न गरी यस जिल्ला अस्पताल बाजुराबाट शिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले राष्ट्रिय बाणिज्य बैक बाजुरामा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय बाजुराको राजश्व खाता नं. १०००१००२०००१०००० मा जिल्ला अस्पताल बाजुराको कार्यालय कोर्ड नं. ३५००२६९०२७ र राजश्व शिर्षक नं. १४२२९ मा रू १०००।– (अक्षरूपी एक हजार मात्र) राजश्व दाखिला गरेको सक्कलै बैक भौचर पेश गरी शिलबन्दी दरभापत्र आव्हान सम्बन्धि सूचना प्रकासन भएको मितिले १५ औ दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद गरेको शिलबन्दी दरभाउपत्र रितपूर्वक भरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस जिल्ला अस्पताल बाजुरामा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरू सोही दिनको २:०० बजे शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा जिल्ला अस्पताल बाजुरामा खोलिनेछ। शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन्।

३. शिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित कागजातहरू अनिबार्य रूपमा पेश गर्नु पर्नेछ, अन्यथा शिलबन्दी दरभाउपत्र मूल्याङ्कन सम्वन्धी कुनै कारबाही गरिने छैन।
 क. शिलबन्दी दरभाउपत्र खरिद गर्दा पेश गरेका अनिबार्य कागजातहरूको प्रमाणित प्रतिलिपी,
 ख. आफु खरिद कारबाहीको लागि अयोग्य नभएको र कालोसूचीमा नपरेको स्वःघोषणा पत्र,
 ग. हाल ५ वटा भन्दा बढी सम्झौता भई कार्यान्वयनमा नरहेको स्वःघोषणापत्र,

४. शिलबन्दी दरभाउपत्र खोल्ने र विक्री गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खोलिने दिनलाई अन्तिम दिन मानिनेछ।

५. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६. शिलबन्दी दरभाउपत्र पेश गर्दा खामको बाहिर यस जिल्ला अस्पताल बाजुराको नाममा सम्वोधन गरी शिलबन्दी दरभाउपत्र नं. र कामको विवरण खुलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

७. सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्रहरू पूर्णरूपमा स्वीकार गर्ने आंशिक रूपमा स्वीकार गर्ने वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस जिल्ला अस्पताल बाजुराको रहनेछ।

८. शिलबन्दी दरभाउपत्रदाताले धरौटी बापतको ३ प्रतिशतका दरले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बाजुराको राष्ट्रिय बाणिज्य बैक बाजुरा शाखामा रहेको धरौटी खाता नं. ४०७०१००२०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारलाई मान्यहुने क श्रेणीको बैकबाट यस अस्पतालको नाममा जारी गरेको कम्तिमा ९० नब्बे दिन ( बिड खोल्ने मिति देखि )म्याद भएको शिलबन्दी दरभाउपत्र जमानत (बिड बन्ड) शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। घटी समाबेश भएको शिलबन्दी दरभाउपत्र उपर कारबाही हुनेछैन। शिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म वा कम्पनीको धरौटी कार्य अवधि सकिएपछि मात्र फुकुवा गरिनेछ।

९. शिलबन्दी दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप नगरेको, शिलबन्दी दरभाउपत्र फारामको फोटोकपी पेश गरेको, यस कार्यालयबाट एक व्यक्ती वा फर्मको नाममा विक्री भएको शिलबन्दी दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै प्रतिनिधी तोकेकोमा प्रतिनिधी बाहेक अन्य व्यक्तिले खरिद वा दर्ता गरेको शिलबन्दी दरभाउपत्र मान्य हुने छैन्।

१०. म्यादनाघी वा रित नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन्।

११. बोलपत्रदाताले बोलपत्र साथ आफुले ख्वाउन प्रस्ताब गरेको चामल, दाल, नुन, तेल, मसला, बेसार, फलफूल, पिठो, चिनी, चियापत्तीको नमूना एक इकाई शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

१२. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

| सि. नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान रू (भ्याट बाहेक) | धरौटी रकम रू |
|---|---|---|---|---|
| १ | DHB/GOODS/ SQ/02/082/083 | अस्पतालको शैयामा भर्ना हुने बिरामीहरूको खाना (राशन) | रू १५,५१,६७०।– (अक्षरुपी रू पन्ध्र लाख एकाउन्न हजार छ सय सत्तरी रुपैया मात्र) | रू ४६,५५०।–(अक्षरूपी रू छयालिस हजार पाच सय पचास रूपैयाँ मात्र) |

**नि. मेडिकल सुपरिटेन्डेन्ट**



**कुवेतमा रोजगार** कम्पनी: RAMR GROUP UNITED COMPANY FOR RESTAURANT MANAGEMENT L.L.C. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ चलानी नं.: ६०२५०३८९ L.T. No.: 336832

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier / Sales | 0 | 20 | सम्बन्धित काममा दक्ष | 150 | ७०,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Commis Pastry | 20 | 0 | | 145 | ६८,२०० | | | | | | | |
| 3. | Waiters/Waitresses | 20 | 20 | | 130 | ६१,१४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ४ गते (18 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५



**Malaysia मा रोजगार** WNN TECHNOLOGY CENTRE SDN. BHD.
पुर्व स्वीकृती मिति: २०८२/९/२४ चलानी नं. ६०२५०३४९ LT No.: 336819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Recycle Workers | 50 | 0 | [illegible] | 1700 | ६०,२३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ माघ ४ गते (18 Jan., 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ।

**Liverpool H.R. Solution Pvt. Ltd.**
Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com



**Bahrain मा रोजगार** कम्पनी: DEFENCE FORCE SECURITY SERVICES EST. शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८१/०७/०४ चलानी नं.: ६०२२६८२७ LT. No.: 312293 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 127 | 48 | स. काममा दक्ष | 120 | ४५,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ४ र ८ गते (18 & 22 January 2026) मा हुनेछ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर सुनसरीमा २०८२ माघ ५ गते (19 January 2026) मा हुनेछ।
अन्तर्वार्ता ग्राण्ड प्यासिफिक झापा, बिर्तामोडमा २०८२ माघ ६ गते (20 January 2026) मा हुनेछ।
अन्तर्वार्ता जनकपुर धनुषामा २०८२ माघ ७ गते (21 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**PRUDENTIAL OVERSEAS PVT LTD** License No: 800/065/066
Sinamangal, Kathmandu, Nepal, Tel:- 01-5918914, CONTACT NUMBER : +977 15918914, 9802002013, 9802002035, 9802002032



**बहराइनमा रोजगार** कम्पनी : ANSAR GROUP शहर: BAHRAIN
पूर्व स्वीकृत मिति:२०८१/०१/२३ चलानी नं.:६०२१९००३ LT. No.:304085 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 3 | सम्बन्धित काममा दक्ष | 110 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 19 | 7 | | 140 | ५३,३८४ | | | | | | | |
| 3. | Cashier | 7 | 5 | | 150 | ५७,१९८ | | | | | | | |
| 4. | Security | 5 | 2 | | 140 | ५३,३८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ माघ ४ गते (18 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Pasa INTERNATIONAL PVT. LTD.**
"A friend at your service"
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



**कुवेतमा रोजगार** कम्पनी: FOUR SEASONS HOTELS शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/२४ चलानी नं.: ६०२३१०७३ LT. No.: 316853 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 5 | 5 | सम्बन्धित काममा दक्ष | 220 | १०३६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook General | 15 | 10 | | 163 | ७६७९० | | | | | | | |
| 3. | Housekeeping Attendant | 15 | 15 | | 145 | ६८३१० | | | | | | | |
| 4. | Security Guards | 10 | 5 | | 168 | ७९१४६ | | | | | | | |
| 5. | Waiter/ Waitress | 15 | 15 | | 145 | ६८३१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ४ गते (18 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. १,५०० कामदारले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu.
Mobile: 9767659357, 9767659356, 9767659358, 9863194834, 9863194832
Email : apply@vnvnepal.com | Website: vnvnepal.com

# न्यु डायमन्ड दोस्रो पटक च्याम्पियन




**काठमाडौं/मस–** न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब अपराजित रहँदै केएनपी नेरोलेक नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा शनिबार च्याम्पियन बनेको छ । यो प्रतियोगितामा न्यु डायमन्ड दोस्रो पटक च्याम्पियन बनेको हो । सातौं संस्करणमा पहिलो पटक न्यु डायमन्ड च्याम्पियन बनेको थियो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको फाइनलमा न्यु डायमन्डले डिफेन्डिङ च्याम्पियन नेपाल प्रहरीलाई २५-२२, २५-१८, १५-२५ र २७-२५ ले पराजित गर्‍यो । न्यु डायमन्डकी प्रगति नाथ ‘प्लेयर अफ द म्याच’ घोषित भइन् ।

राउन्ड लिगमा न्यु डायमन्डले नेपाल आर्मीलाई ३-०, एपिएफलाई ३-२ र प्रहरीलाई ३-२ ले हराको थियो । एक साताको अवधिमा न्यु डायमन्डको यो दोस्रो उपाधि हो । यसअघि न्यु डायमन्डले प्रहरीलाई नै पाखा लगाएर एनभिए भलिबलको उपाधि जितेको थियो ।

शेरबहादुर खड्का स्मृति प्रतिष्ठान, बालकोटको आयोजना तथा बहुराष्ट्रिय पेन्ट कम्पनी केएनपी नेरोलेकको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा सुरुका ६ संस्करणको उपाधि विजेता एपिएफले तेस्रो स्थानमा चित्त बुझायो । एपिएफले आर्मीलाई २५-१३, २५-२३ र २५-१८ को सोझो सेटमा हरायो । एपिएफकी मिना सुनार ‘प्लेयर अफ द म्याच’ बनिन् ।

विजेताले ५ लाख, उपविजेताले २ लाख ५० हजार र तेस्रो हुने टोलीले १ लाख २५ हजार नगद पुरस्कार प्राप्त गरे । प्रथम पुरस्कार लाइफ इन्स्योरेन्स कोर्पोरेसन नेपाल लिमिटेड, दोस्रो पुरस्कार मार्वल टेक्नोप्लास्ट प्रालि र तेस्रो पुरस्कार फिट्नेस च्वाइसले प्रायोजन गरेका छन् ।

न्यु डायमन्डकी प्रतिभा माली सर्वोत्कृष्ट चुनिइन् । प्रतिभाले हाइलाइफद्वारा प्रायोजित ५० हजार नगदसहित ट्रफी पाइन् ।

एपिएफकी मिना सुनार उत्कृष्ट सपाइकर, यसै प्रतियोगिताको उद्घाटनमा शेरबहादुर खड्का स्पेसल अवार्डबाट सम्मानित न्यु डाइमन्डकी सुमित्रा रेग्मी उत्कृष्ट ब्लकर, न्यु डायमन्डकै प्रगति नाथ उत्कृष्ट सेटर, प्रहरीकी शान्तिकला तामाङ उत्कृष्ट लिबेरो, प्रहरीकी पुनम चन्द उत्कृष्ट सर्भर र न्यु डायमन्डका कुमार राई उत्कृष्ट प्रशिक्षक ठहरिए । उत्कृष्ट सबैले जनही २५ हजार नगद पुरस्कार पाए । बाराही होटल र सारङकोट माउन्टेन लजले उनीहरुलाई गिफ्ट ह्याम्पर पनि प्रदान गर्ने आयोजकले जनाएको छ । प्रत्येक खेलको ‘प्लेयर अफ द म्याच’ लाई १५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

विजेतालाई प्रदेश खेलकुद परिषद्, बागमती प्रदेशका सदस्य-सचिव दीपक लामा, केएनपी नेरोलेका कन्ट्री हेड मनोजकुमार मिश्र, एलआईसीका प्रमुख कार्यकारी अधिकृत प्रणय कुमार, मार्वल टेक्नोप्लास्टका प्रशासन प्रमुख दीपक चौलागाई, एभरेष्ट बैंकका नायव महाप्रबन्धक केशवराज पौडेल, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, आयोजक प्रतिष्ठानकी संरक्षक गमली खड्का, अध्यक्ष रञ्जन खड्का र उपाध्यक्ष सीता खड्कालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । चारदिने प्रतियोगितामा ४ टिम सहभागी थिए ।

एभरेष्ट बैंक, माछापुच्छ्रे बैंक, नविल बैंक, ग्लोबल बैंक, प्राइम कमर्सियल बैंक, एनएमबी बैंक, मुक्तिनाथ विकास बैंक, गरिमा विकास बैंक, महालक्ष्मी बैंक, आइसिएफसी फाइनान्स, मन्जुश्री फाइनान्स, साांग्रिला कार्गो, ट्रेडक्युलिटी स्पा, केल्मी, केएफसी, मर्करी होटल, आइजिआई प्रुडेन्सियल फाइनान्स, बुद्ध एयर, चाँगुनारायाण नगरपालिका, सिमेक्स बीवाईडी च्यारिटी फाउन्डेसन, राष्ट्रिय वाणिज्य बैंक, लेमन ट्रि र आईएमएस ग्रुपको पनि सहयोग रहेको छ ।

# हिमरश्मिलाई फुटसल उपाधि

**काठमाडौं/मस–** हिमरश्मिले आठौं ओप्स खेलकुद महोत्सवअन्तर्गत सिनियर गर्ल्स फुटसलको उपाधि शनिबार जितेको छ ।

तार्केश्वर नगरपालिकाको गोल्ढुंगास्थित सिर्जना ज्ञान सागरमा भएको फाइनलमा हिमरश्मिले सिर्जना ज्ञान सागरलाई २-० गोलले पराजित गर्‍यो । न्यु एरा एकेडेमी र प्रगति मावि तेस्रो भए ।

सिनियर ब्वाइज फुटसलमा क्वाटरफाइनल समीकरण तयार भएको छ । सेक्रेड हार्टले मनास्लु, न्यु एराले सिर्जना ज्ञान सागर, एन्जल्स हार्टले सेब र प्रगतिले न्युटनविरुद्ध खेल्ने छन् ।



अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स) द्वारा आयोजित प्रतियोगिताको ब्वाइज भलिबलमा न्युटन, सेक्रेड हार्ट, हिमरश्मि र सेब सेमिफाइनलमा प्रवेश गरेका छन् । सिनियर ब्वाइज फुटसल र ब्वाइज भलिबल शेषमतिस्थित स्क्रेड हार्टमा भइरहेको छ ।

दुवैको फाइनल आइतबार हुने ओप्सका इसीए विभाग प्रमुख राजेश रायमाझीले जनाएका छन् । खेलकुद महोत्वसअन्तर्गत एथलेटिक्स र ब्याडमिन्टनको प्रतिस्पर्धा सम्पन्न भइसकेको छ । एथलेटिक्समा कौशल तथा ब्याडमिन्टनमा हिमरश्मि च्याम्पियन बनेका थिए ।


## Department of Roads
## Road Division Doti
### Notice of Intention to Award Contract

**Notice No:- 17-2082/083**

**Date of Publication:- 2082/09/27**

Road Division Doti hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid Notice No 15-RDDOT/2082/083, (published in Nepal Samacharpatra National Daily dated 2082/08/10) in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and 47.

| S.N | Contract No. | Name and Address of Bidder | Total Bid Amount excluding VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | RDDOT/337011384/2082/083-05(Re) | M/s Masta Masani Construction, Uditola, Doti. | 2,948,467.50 |
| 2 | RDDOT/337011384/2082/083-20 | M/s Kailpal Nirman Sewa, Dadeldhura. | 1,401,702.00 |
| 3 | RDDOT/337011364/2082/083-22 | M/s Bikash Nirman Sewa, Kohalpur-4, Banke. | 1,366,712.00 |
| 4 | RDDOT/337310113/2082/083-23 | M/s Uma Infra Builder Pvt.Ltd, Dhangadhi-1, Kailali. | 1,174,908.00 |

**Division Chief**


# खुसी, प्रतिभा र सोयालाई स्वर्ण



**काठमाडौं/मस–** ललितपुरकी खुसी घलान, चितवनकी प्रतिभा श्रेष्ठ र भक्तपुरकी सोया चक्रधरले बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिगमा शनिबार स्वर्ण जितेका छन् ।

जिल्ला समन्वय समिति काठमाडौंको संयोजन, बागमती प्रदेश तेक्वान्दो संघको प्राविधिक सहयोग र कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा भइरहेको प्रतियोगिताको सिनियर महिला ४९-५३ केजीको फाइनलमा खुसीले भक्तपुरकी सविना तामाङलाई पराजित गरिन् । सिनियर महिला ५३-५७ केजीमा प्रतिभाले काठमाडौंकी अनुरा श्रेष्ठ तथा ५७-६१ केजीमा सोयाले काभ्रेकी एलिना बन्मालीलाई फाइनलमा हराए ।

थलीस्थित आयोजक कागेश्वरी मनोहरा नगरपालिको हातामा भइरहेको प्रतियोगिताको जुनियर पुरुष ४१-४४ केजीमा काठमाडौंका राहुल हाङ लिम्बू र महिला ३१-३४ केजीमा काठमाडौंकी सुप्रिया जोशीले स्वर्ण जिते । फाइनलमा राहुलले काठमाडौंका ललितबहादुर राणा तथा सुप्रियाले काठमाडौंकै रोनिशा गौतमलाई पाखा लगाए ।

जुनियर पुरुष ४४-४७ केजीमा नुवाकोटका सुदिप तामाङले काठमाडौंका रिडम बिसी तथा जुनियर महिला ३४-३७ केजीमा काठमाडौंकी जोबियानी तामाङले काठमाडौंकै साइना तामाङलाई पन्छ्याउदै पहिलो भए ।

प्रतियोगिताको कागेश्वरी मनोहरा नगरपालिका मेयर उपेन्द्र कार्कीले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख सन्तोष बुढाथोकी, बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीलगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगितामा २ सय २७ खेलाडी सहभागी छन् । सिनियर/जुनियर पुरुषमा समान ५-५ तथा सिनियर/जुनियर महिलामा समान ५-५ गरी जम्मा २० स्पर्धामा प्रतिस्पर्धा भइरहेको छ ।

लिगको यो दोस्रो संस्करणको पहिलो प्रतियोगिता हो भने समग्रमा पाँचौं प्रतियोगिता हो । यसअघि लिगको पहिलो संस्करणमा ४ प्रतियोगिता भएका थिए । लिगको हरेक संस्करणमा एक वर्षको अवधिमा ३ महिनाको अन्तरालमा एउटा प्रतियोगिता हुने गरेको छ । त्यसअन्तर्गत दोस्रो संस्करणमा पनि चार प्रतियोगिता हुनेछ ।

लिगमा हरेक तौलसमूहमा पहिलो हुनेलाई १०, दोस्रोलाई ७ र तेस्रोलाई ३ अंक प्रदान गरिने छ । चार वटा लिग सम्पन्न भएपछि खेलाडीको प्रदर्शनका आधारमा एक उत्कृष्ट पुरुष/महिला खेलाडीलाई मोटरसाइकल प्रदान गरिने छ । यो लिगको हरेक स्पर्धामा शीर्ष तीन स्थान हासिल गर्ने उपत्यका बाहिराका खेलाडीलाई आगामी लिगमा खाना, बसोवास र यातायातको सुविधा पनि दिइने छ । मोटरसाइकल पुरस्कार र खेलाडीको सुविधाको व्यवस्थापन जिल्ला समन्वय समिति काठमाडौंले गर्ने छ ।

प्रदर्शनलाई नै मध्यनजर गरी दोस्रो संस्करणको चौथो लिगको समाप्तिमा हरेक तौलसमूहमा शीर्ष तीन स्थानमा रहने खेलाडीलाई क्रमशः १५ हजार, १० हजार ५ हजार नगद पुरस्कारबाट पुरस्कृत गरिने छ । प्रतियोगिता शनिबार सम्पन्न हुनेछ ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/२७ गते**

श्री रौतारानी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको लट नं. १ को साल जातको गोलिया काठ ए ग्रेड ६ थान १०३.३१ परिमाण, बी ग्रेड १४ थान १६३.९८ परिमाण, सी ग्रेड १४ थान ८८.५३ परिमाण गरि जम्मा ३४ थान ३५५.८२ परिमाण, लट नं. २ को साल जातको गोलिया काठ बी ग्रेड ३ थान ८४.१० परिमाण, सी ग्रेड ३ थान १८.३२ परिमाण गरि जम्मा ६ थान १०२.४२ परिमाण, गरि जम्मा लट नं. १ र २ को ए, बी र सी ग्रेड ४० थान ४५८.२४ परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रौतारानी सामुदायिक वन उपभोक्ता समूह, रौतामाई गा.पा. वडा नं. ७, उदयपुर ।**



## Invitation for Bids
## Arnama Rural Municipality
## Office of the Rural Municipal Executive
### Arnama, Siraha
### Madhesh Province, Nepal

**Date of publication: 11 January 2026**

**Invitation for Bids No: 07/GOODS/ARNRM/NCB/2082-83**

1. The Arnama Rural Municipality invites electronic bids from eligible and qualifiedbidders for the procurement of Goods Arnama Aadharbhut Aspatal Rw Swastya Sansthahru Bata Pradan Garine Aadharbhut Swastya Sewa Ko Gunstar Abhibirdhi Sambandhi Karya under National competitive bidding (NCB) – Single Stage Two Envelope Bidding procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Arnama Rural Municipality,Office of Rural Municipal Executive,Arnama Siraha,Madhesh Provience Nepal. Email:-ito.arnamamun@gmail.com or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000 in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nabil Bank Ltd,Arnama Siraha
   Name of Office : Arnama Rural Municipality
   Office Code no. : 1125816 Office Account no.: 22401017500008
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held at Arnama Rural Municipality at 1:00 PM On 28 January 2026
5. Electronic bids must be submitted to the office Arnama Rural Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 10 February 2026. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M. on 10 February 2026 at the office of Arnama Rural Municipality. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 3,50,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 9 June 2026)
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

गो.हु.का.द.नं. ३३/०६९/०७०
२७ पुस २०८२ आइतबार
11 January 2026 Sunday



नेपालमा निजी क्षेत्रको मनोबल बढ्न नसक्दा लगानीको वातावरण बन्न सकेको छैन । नेपालमा सञ्चालनमा रहेका उद्योगहरु समेत क्षमताको आधा भन्दा कम क्षमतामा सञ्चालन भएका छन् । कोभिड महामारीदेखि अहिलेसम्म निजी क्षेत्र तग्रिंन सकेको छैन । अर्थतन्त्रको बाह्य सूचक बलियो अवस्थामा हुँदा पनि आन्तरिक अर्थतन्त्र सुस्त बन्दै गएको तथ्यांकहरूले देखाएका छन् । पछिल्लो समय देखिएको राजनितिक अस्थिरताको कारण लगानीकर्तामा थप लगानी बिस्तार भन्दा व्यवसाय कसरी टिकाउने भन्ने मनोविज्ञान विकास भएको देखिन्छ ।

नेपालले उर्जा क्षेत्रमा विकास गरेर स्वदेशमै खपत र निर्यात गर्ने सम्भावना हुँदाहुँदै पनि जलविद्युत् क्षेत्र समेत फस्टाउन सकेको छैन । प्रस्तुत छ, यसै सन्दर्भमा शिक्षा, बैंक तथा वित्तीय संस्था, जलविद्युत् क्षेत्रका लगानीकर्ता तथा नेपाल उद्योग वाणिज्य महासंघको उर्जा समितिका सभापति **गोपाल खनाल**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

# निजी क्षेत्रलाई हतोत्साहित होइन, अवसर देखाउने नीति आवश्यक

**गोपाल खनाल**, सभापति, उर्जा समिति, नेपाल उद्योग वाणिज्य महासंघ

**नेपाली लगानीकर्ताको पछिल्लो मनोविज्ञान कस्तो छ ?**

देश निर्वाचनमा होमिएको अवस्था छ । तर, लगानीकर्तामा अझै त्रासको अवस्था रहेको देखिन्छ । ४ महिना अघि भएको आन्दोलनको असरले निजी क्षेत्रको आत्मबल निकै कमजोर बन्दै गएको छ । लगानी भएका क्षेत्रमा समेत राम्रो प्रतिफल आउन नसकेको लगानीकर्ताहरूको भनाइ छ ।

अहिले जसरी राजनितिक अस्थिरता आएको छ त्यसले व्यवसायीहरूमा निराशा देखिएको छ । सरकारले निर्वाचन गर्न लागेको छ तर, एक दिनमा देश नै जलाउने काम कताबाट भयो वा गराईयो भन्ने कुराले फेरि यस्तै हुने हो कि भन्ने चिन्तामा व्यवसायी छन् । तर, जे भएपनि अब आउने नेतृत्वले देशका पुराना नीतिलाई परिर्वतन गरेर निजी क्षेत्रमैत्री योजना बनाउनु पर्ने देखिन्छ । अब पनि देशको अर्थतन्त्रलाई अगाडि बढाउने नीति नबन्ने हो भने अहिले व्यवसाय गर्नेहरू समेत पलायन हुने मनस्थितिमा देखिन्छन् ।

**तपाईं एफएनसिसीआईको उर्जा समितिका सभापति समेत हुनुहुन्छ । उर्जा क्षेत्रको विकासको गति कस्तो छ ?**

उर्जा नेपालको अर्थतन्त्रलाई अगाडि बढाउने एउटा मेरुदण्ड हो । तर, उर्जा क्षेत्रको विकास जसरी हुनु पर्ने थियो त्यसरी भएको छैन । जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले लगानी नगरेको भए हामी अझै धेरै नै पछाडि पर्ने अवस्था थियो । उर्जामा निजी क्षेत्रको योगदान राज्यको भन्दा माथि नै छ ।

राज्यले इन्फ्रास्ट्रक्चरमा केही काम गरेको भएपनि उत्पादनमा निजी क्षेत्रको योगदान धेरै छ । जसरी निजी क्षेत्र जलविद्युत्मा लगानी गर्न खोजिरहेका छन् तर, अझै पनि लगानीकर्ता दर्जनौं स्थानमा दौडिनु पर्ने अवस्था छ । जलविद्युत्मा लगानीकर्तामा लाइसेन्स प्रक्रियादेखि निमार्णको अन्तिम चरणसम्म तनावकै अवस्था छ ।

यस भन्दा अघिको सरकारले १० वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र १५ हजार निर्यातको लक्ष्य राखेको थियो । तर, यसको लागि रणनीति योजना बनाएको देखिँदैन । यस्तै आन्तरिक खपतको लागि उद्योग व्यवसाय बिस्तार हुन समेत आवश्यक छ । हामी बिक्री भन्दा आन्तरिक खपत बढाउने मै केन्द्रित हुन आवश्यक छ ।

जलविद्युत् मार्फत गाउँघरमा हामीले ग्यास विस्थापित गर्न सक्छौं । उद्योगलाई सस्तोमा विद्युत् दिन सक्ने हो भने लागत कम हुन्छ । इन्धन आयातमा कम हुँदा डलर कम बाहिर जान्छ । निजी क्षेत्रलाई नै राज्यले समेटेर अगाडि बढ्ने हो भने उर्जा क्षेत्रको बिस्तारको गति थप वृद्धि हुन्छ ।

**बैंकमा निक्षेप थुप्रिने, कर्जा प्रवाह कम र खराब कर्जा बढीरहेको अवस्था छ । अर्थतन्त्रमा यसको असर कस्तो हुन्छ ?**

अर्थतन्त्र फेरि कसरी ट्र्याकमा लैजाने भन्ने नै अहिलेको प्रमुख चुनौती हो । देश भित्र रहेको पैसालाई कसरी चलायमान बनाउने ? राज्यको नीति धेरै उदार गर्दा पनि भोलि बैंक अप्ठ्यारामा पर्ने देखिन्छन् । खराब कर्जामा जुन समस्या देखिएको छ त्यसले अर्थतन्त्रलाई नै असर गर्ने देखिन्छ । बैंकमा भएको निक्षेपलाई कर्जामा बिस्तार गर्नका लागि निजी क्षेत्रको मनोबल बिस्तार गर्नका लागि सहुलियतपुर्ण कर्जाको व्यवस्था गर्नुपर्छ ।

**बैंकमा विदेशी मुद्रा कति थप थुप्रिएको छ ? त्यो भोलि के गर्ने ? भोलि त्यो पुँजी अहिलेको जग्गा जस्तै भयो भने के गर्ने ?**

कर्जालाई एउटा मापदण्ड बनाएर एक खर्ब जति कर्जा बिस्तार गर्न सक्ने हो भने निजी क्षेत्र चलायमान बन्छ । अर्थतन्त्र चलायमान हुनका लागि पहिला राज्यका भौतिक पूर्वाधार संरचना नै बनाउन नै ध्यान दिनुपर्छ । पूर्वाधार निमार्णले पर्यटन आगमान बढाउन सकिन्छ । देशभित्र समेत मोबिलिटी बढ्छ । तर, अहिले जसरी जो पनि विदेश जाने अवस्था आएको छ त्यसले अर्थतन्त्रको चक्र नै बिगारेको छ । जस्तै अहिले जुत्ता उत्पादन गर्नेले जुत्ता लाउने मान्छे छैनन् भनिरहेका छन् । हजाम कहाँ कपाल काट्ने मान्छे नै छैनन् भन्छन् ।

शिक्षामा स्नातक पढ्ने विद्यार्थी छैनन् । देशका सरकारी र निजी दुवै कलेजहरू खाली हुँदै गइरहेको अवस्था छ । यो किन भइरहेको छ ? हाम्रो युनिभर्सिटीले लिएका नीति सुधारको आवश्यकता देखिएको छ । विदेशी युनिभर्सिटी ल्याउने तर, नेपालको युनिभर्सिटीलाई कमजोर पार्ने नीतिले देश कसरी चल्छ ?

यस्ता नीतिगत कारणले अर्थतन्त्रको चेन नै बिग्रिँदै गएको छ । शिक्षा राम्रो हुँदा विद्यार्थीले देशमै पढ्छन् । रोजगारीको सृजनाको लागि निजी क्षेत्रलाई सहजीकरण गर्ने हो भने रोजगारी अवसर स्वदेशमा नै बन्छ । पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षामा ध्यान दिने हो भने देश बन्न धेरै समय लाग्दैन ।

**पछिल्लो समय निजी क्षेत्रले भोग्नु परेका समस्या कस्ता छन् ?**

व्यवसायीका पनि केही कमजोरी होलान् । अथवा काम गर्दा कसैले जानेर वा कसैले नजानी काम पनि गरेका होलान् । अहिले कति व्यवसायी कालोसूचीमा छन् ?

आन्तरिक राजस्व कार्यालयबाट समस्यामा छन् । सरकारले लाइसेन्स दिएको भरमा व्यवसायीले कर तिरिरहेका छन् तर, राज्यबाट पाउनु पर्ने सहयोग निकै नै कम छ ।

अनुगमन, कारबाहीको त्रासमा व्यवसाय गर्नुपर्ने अवस्था छ । जब व्यवसाय गर्ने व्यक्तिलाई विभिन्न निकायबाट डर दिने तर्साउने काम हुन्छ अनि कसरी थप लगानी बढाउने वातावरण बन्न सक्छ ?

कमजोरीलाई सुधार्ने भन्दा त्यसैलाई देखाएर व्यवसायीलाई हतोत्साहित बनाउने काम हुँदै आएको छ । राज्यले व्यवसायीहरूलाई हेर्ने दृष्टिकोण परिवर्तन गरेर व्यवसायीको हक हितमा काम गर्न आवश्यक छ । पुराना कानुन सुधार र अलिकति व्यवस्थित गरियो भने व्यवसायीहरू माथि उठ्न सक्छन् । एउटा सानो कुरा उठाउँदा नै राज्य कमजोर हुँदैन ।

**अन्त्यमा, आगामी चुनावमार्फत बन्ने सरकार प्रति लगानीकर्ताले के अपेक्षा गरेका छन् ?**

सरकार भन्दा पनि अहिले निजी क्षेत्रको आत्मसम्मान कमजोर हुँदा आत्मबल समेत निकै नै कमजोर अवस्थामा छ । जेनजी आन्दोलन एउटा समयमा आयो । तर, त्यसले अझै कति वर्ष असर गर्ने हो भन्ने देखिन्छ । देश जल्यो, व्यवसायी समेत तारोमा परे । देशलाई नै तहस नहस बनाउनेहरू समेत यही देशमै छन ।

हामीले अहिले गर्नुपर्ने भनेको गलत नीतिलाई सुधार्ने हो । तर, यहाँ भौतिक पूर्वाधारलाई भत्काउने काम भएको छ, त्यसले देश अझै पछि पर्छ । त्यसैले समयमा नै देशमा निर्वाचन हुन आवश्यक छ । निर्वाचनपछि आउने सरकार देशमा देखिएको पलायनवादी सोचलाई रोकेर देशमा ५ वर्षमा केही बन्छ भन्ने सन्देश दिनेगरी काम गर्नुपर्छ ।

नयाँ भिजन र मिसनको साथ काम गर्ने सरकार बनोस् र लगानीको वातावरण बनोस् भन्ने अपेक्षा निजी क्षेत्रका व्यवसायीमा देखिन्छ ।

# आठ वर्षमा पनि औद्योगिक क्षेत्र निर्माण अघि बढेन

**कास्की/मस–** घोषणा भएको आठ वर्ष बितिसक्दा पनि गण्डकी प्रदेशका दुई औद्योगिक क्षेत्र निर्माण अगाडि बढ्न सकेको छैन ।



कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने भनिएका औद्योगिक क्षेत्रका लागि प्रदेश सरकारले अझै जग्गाको भोगाधिकार पाएको छैन । दुवै प्रदेश गौरवका आयोजना हुन् । जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले बताए । 'पुँडीटारमा अहिले कटान गर्नुपर्ने रुखको गणना र टाँचा लगाउने काम भइरहेको छ, लोकाहाखोलामा रुखको गणना भइसकेर प्रतिवेदन वन तथा भू-संरक्षण विभागमा पुगेको छ', उनले भने, 'संघको वन तथा वातावरण मन्त्रालयले प्रस्ताव लगेपछि बल्ल संघीय मन्त्रिपरिषद्ले प्रदेश सरकारलाई जग्गाको भोगाधिकार दिने निर्णय गर्छ ।' प्रदेश सरकारलाई जग्गाको भोगाधिकार आएपछि औद्यागिक क्षेत्रमा संरचना निर्माणको काम अगाडि बढ्ने मन्त्री बस्यालले बताए ।

'जग्गा प्राप्तिमै धेरै समय लाग्यो, संघ सरकारले जग्गाको भोगाधिकारको अनुमति जति छिटो दिन्छ, त्यहीअनुसार औद्योगिक क्षेत्र निर्माणले गति लिन्छ', मन्त्री बस्यालले भने, 'प्रदेश सरकारकातर्फबाट पनि यस विषयमा संघ सरकारसँग पटकपटक छलफल भएको छ, ध्यानाकर्षण गराइएको छ ।' उनले औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको एकिन र नापजाँच गर्ने काम भइसकेको बताए ।

दुवै औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) पनि स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना गरिएको बताए ।

'औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नुपर्ने रुखको गणनासहित क्षेत्रफल यकीन गरेर सङ्को वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदैछौँ', उनले भने, 'वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि संघीय मन्त्रिपरिषद्बाट प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।' प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले 'इआइए'को प्रक्रिया पूरा गर्न धेरै समय लागेको महाशाखा प्रमुख ढकालले बताए । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै संघको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । वन तथा वातावरण मन्त्रालयको सहमतिपछि संघीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने जनाइएको छ ।

प्रदेश सरकारले पुँडीटारमा ५४ करोड र लोकाहाखोलामा ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) समेत तयार पारिसकेको छ । जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा ४५ सय रोपनी र लोकाहाखोलामा एक सय ४१ विगाहामा औद्यागिक क्षेत्र निर्माण हुनेछ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भूभागलाई समेट्छ । लोकाहाखोला औद्यागिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि वस्ती बाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । औद्योगिक क्षेत्र निर्माणको कामलाई प्रदेश सरकारले शीघ्र अगाडि बढाउनुपर्ने निजी क्षेत्रको माग छ ।

लेखनाथ उद्योग वाणिज्य संघले केही साताअघि प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र उद्योग तथा पर्यटनमन्त्री बस्याललाई सो सम्बन्धमा ध्यानाकर्षण गराएको थियो । संघका अध्यक्ष जानुका पराजुली अधिकारीले जग्गाको भोगाधिकार लिन प्रदेश सरकारले ठोस पहल गर्नुपर्ने बताए ।

'निजी क्षेत्रका तर्फबाट हामी पनि संघ सरकारसँग मागपत्र बुझाउने तयारीमा छौँ, यतिका वर्षसम्म औद्योगिक क्षेत्रको निर्माण चर्चामा मात्र सीमित रहनु दुःखद् हो', उनले भने, 'औद्योगिक क्षेत्र निर्माणको घोषणाले उत्साहित बनेका उद्योगी र लगानीकर्ता पनि निराश हुनुपर्ने अवस्था सिर्जना भएको छ ।' आफैँ जग्गा खरिद गरेर उद्योग, व्यवसाय सञ्चालन गर्न कठिन रहेको स्थितिमा औद्योगिक क्षेत्र निर्माण हुँदा लगानीकर्तालाई ठूलो लाभ मिल्ने अध्यक्ष अधिकारीको भनाइ छ ।

स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सिर्जना र आर्थिक समृद्धिको लक्ष्यसहित प्रदेश सरकारले औद्योगिक क्षेत्र बनाउन लागेको हो । प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २५ औद्योगिक ग्राम निर्माणको घोषणा गरेको थियो ।

### नेपालमा २०.२७ प्रतिशत गरिबी

# सुदूरपश्चिम प्रदेश र जाजरकोटको जुनीचाँदे सबैभन्दा गरिब

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, २६ पुस

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको' गरिबीको लघुक्षेत्र अनुमान २०२३' अनुसार नेपालको २०.२७ प्रतिशत जनसंख्या अझै पनि गरिबीको रेखामुनि रहेको देखिएको छ । कार्यालयले नेपाल जीवनस्तर सर्वेक्षण ०७९/८० र राष्ट्रिय जनगणना ०७८ को तथ्यांकलाई एकीकृत गरी ७७ जिल्ला र ७५३ स्थानीय तहको गरिबीको अवस्था सार्वजनिक गरेको हो ।

तथ्यांकअनुसार नेपालमा प्रतिव्यक्ति वार्षिक ७२ हजार ९०८ रुपैयाँभन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिबको श्रेणीमा राखिएको छ । आर्थिक वर्ष ०६६/६७ मा यस्तो आय १९ हजार २६१ थियो । क्षेत्रगत रूपमा हेर्दा ग्रामीण क्षेत्रमा गरिबीको दर उच्च २४.६६ प्रतिशत छ भने सहरी क्षेत्रमा यो दर १८.३४ प्रतिशत रहेको छ ।

**गरिबीको प्रदेश र जिल्लागत अवस्था**

तथ्यांक कार्यालयका अनुसार सात प्रदेशहरूमध्ये सुदूरपश्चिम प्रदेश ३४.१६ प्रतिशत गरिबीसहित सबैभन्दा पछाडि देखिएको छ । त्यसैगरी, कर्णालीमा २६.६९ प्रतिशत, लुम्बिनीमा २४.३५ प्रतिशत, मधेशमा २२.५३ प्रतिशत, कोशीमा १७.१९ प्रतिशत र बागमतीमा १२.५९ प्रतिशत गरिबी रहेको छ । गण्डकी प्रदेशमा ११.८८ प्रतिशत मात्रै गरिबी देखिएको छ । गरिबीको दरमा सो प्रदेश सबैभन्दा कम गरिबी भएको प्रदेश देखिएको छ । जिल्लागत रूपमा अछाम जिल्ला ४९.५८ प्रतिशत गरिबीका साथ



सबैभन्दा गरिब जिल्ला ठहरिएको छ भने कास्की जिल्ला ५.६३ प्रतिशतका साथ सबैभन्दा कम गरिब जिल्ला देखिएको छ । तथ्यांकअनुसार जाजरकोटको जुनीचाँदे गाउँपालिकामा गरिबीको दर सबैभन्दा बढी ७७ दशमलब ८९ प्रतिशत रहेको छ, जुन देशभरिका स्थानीय तहमध्ये सबैभन्दा बढी हो । न्यून गरिबी दर मुस्ताङको घरपझोङ गाउँपालिकामा सबैभन्दा कम १.१८ प्रतिशत मात्र गरिबी रहेको छ ।

तर, गरिबीको दर कम भए पनि धेरै जनसंख्या भएको काठमाडौं महानगरपालिकामा सबैभन्दा धेरै ५९ हजार २१८ जना गरिब मानिसहरू बसोबास गर्ने गरेको तथ्यांकले देखाएको छ । तथ्यांक अनुसार देशका ३०९ स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशत भन्दा कम छ भने ४४४ स्थानीय तहमा राष्ट्रिय औसत भन्दा बढी गरिबी रहेको छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार यो तथ्यांकले तीनै तहका सरकारलाई गरिबी निवारणका योजना बनाउन, स्रोत साधनको बाँडफाँट गर्न र वित्तीय हस्तान्तरणलाई थप वस्तुपरक बनाउन मद्दत पुग्नेछ ।

यस लघुक्षेत्र अनुमान विधिबाट निकालिएको तथ्यांकले स्थानीय स्तरमा गरिबीको वास्तविक अवस्था र असमानता मापन गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**